चाडपर्वको संरक्षण र संवर्द्धन गरौं,
चाडपर्वमा फजुल खर्च नगरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
- मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratεekdaily.com

kirloskar Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज १५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 October 01 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४४

## पकहामैनपुर गापाको गोदाममा दुई वर्षदेखि ग्याँस तथा चुल्हो बिग्रँदै

प्रस, वीरगंज, १४ असोज/
पर्साको पकहामैनपुर गाउँपालिका-४ का अध्यक्ष ढेरी यादवले खरीद गरेको ग्याँस तथा चुल्हो विगत दुई वर्षदेखि वडा कार्यालयमैं लुकाएर राखेको स्थानीयहरूले आरोप लगाएका छन् ।


गोदाममा राखेको ग्याँस तथा चुल्हो । तस्वीरः प्रतीक

आर्थिक वर्ष २०७७/७८ मा रु १९ लाख तथा २०७८/८९ मा रु १५ लाख रुपैयाँको ग्याँस तथा चुल्हो खरीद गरी वितरण गर्ने काम छुटाए पनि वडाध्यक्ष यादवले थोरै मात्रामा ग्याँस तथा चुल्हो खरीद गरेको देखिन्छ ।

खरीद गरिएका ग्याँस तथा चुल्हो दुई वर्षदेखि वडा कार्यालयमा थन्काएर राखेको तर विरतरण नगरेको गाउँलेहरूको आरोप छ । स्थानीयहरूले पटक-पटक वडादेखि गापाको कार्यालयमा पुगी ग्याँस र चुल्हो वितरण गर्न पटक-पटक आग्रह गरे पनि वडाध्यक्ष यादवले नटेरेको आरोप लगाएका छन् ।

स्थानीय चुनावलाई लक्षित गरी खरीद गरिएका ग्याँस र चुल्हो अहिले बिग्रँदै गइरहेको उनीहरूको आरोप छ । लक्षित समूहलाई मात्र बाँड्नुपर्ने नियम भएपनि वडा कार्यालयले सबै घरमा पुग्नेगरी ग्याँस र चुल्हो खरीद गर्ने कर्मचारीहरूले बताएका छन् ।

गत वर्ष विनियोजित गरेको रकमभन्दा बढी ग्याँसको मूल्य बढेको कारण आवश्यकता अनुसार ग्याँस खरीद गर्न नसकेकोले चालू आवमा थप रकम विनियोजित गरी ग्याँस र चुल्हो खरीद गरी वितरण गर्ने कर्मचारीहरूले दाबी गरेका छन् । वडाध्यक्ष यादव पुनः निर्वाचित भएका हुन् । उनको हैकमबाजीका कारण ग्याँस र चुल्हो वितरण नभएको गाउँलेले बताए । बढी दिन गोदाममा ग्याँस र चुल्होलाई थन्काएर राख्दा बिग्रन सम्भावना रहेकोले तत्काल वितरण गर्नुपर्ने गाउँलेहरूले बताए ।

## सेनाको क्याम्पमा बाघको आक्रमण

प्रस, निजगढ, १४ असोज/
बाराको काठमाडौं-तराई (मधेस) जोड्ने द्रुतमार्ग अन्तर्गतको जीरो किलो मिटरमा रहेको नेपाली सेनाको क्याम्प जाने द्रुतमार्ग छेउमा शुक्रवार दिउँसो पाटेबाघको मृत्यु भएको छ ।


मृत अवस्थामा फेला परेको बाघ । तस्वीरः प्रतीक

अचानक शुक्रवार दिउँसो करीब ३ बजे घाइते पाटेबाघ क्याम्पभित्र छिर्दा त्यहाँ रहेका विभिन्न सामानमा बाघको आक्रमणबाट क्षति पुगेको छ । द्रुतमार्ग हुँदै बाघ क्याम्पभित्र प्रवेश गर्दै गरेको पोस्टमा खटिएका सेनाले देख्ने बित्तिकै सर्तक रहन सूचना दिएसँगै क्याम्पमा रहेका नेपाली सेनाहरू बाघको आक्रमणबाट जोगिएका थिए । बाघले क्याम्पभित्र रहेका एसी, अन्य सामान, सवारीसाधनहरूमा क्षति पुऱ्याएको छ ।

बाघ क्याम्पभित्र छिरेर करीब २५ मिनेट जति एसी, अन्य सामान र परिसरमा रहेका सवारीसाधनहरूमा टोक्दै, दाँतले चिथोर्दै क्षति पुऱ्याएको सो क्याम्पका सेनानी कृष्णकुमार श्रेष्ठले बताए ।

क्याम्पभित्र बाघ आउँदै गरेको सूचना पाउने बित्तिकै सबै सुरक्षाकर्मी सर्तक रहँदा कुनै मानवीय क्षति नभएको सेनानी श्रेष्ठले बताए । "एकछिन त हामीलाई अचम्म लाग्यो । करीब २५ मिनेटसम्म क्याम्प परिसरमा नै बाघ घुमिरह्यो । कहिले सवारीसाधनहरूको टायर टोक्ने, कहिले एसीलाई टोक्नेलगायतका गतिविधि गरिरहेको थियो," क्याम्पका प्रत्यक्षदर्शी सेनाहरूले भने ।

त्यसपछि सो बाघ छेवैको वनक्षेत्रभित्र पसेको र पुनः क्याम्पको बाटो हुँदै द्रुतमार्गबाट मोटरसाइकलमा आउँदै गरेको सुरक्षाकर्मीलाई देखेर झम्टेर जाँदा सुरक्षाकर्मी भाग्न सफल भएको र बाघले मोटरसाइकललाई समेत क्षति पुऱ्याएको क्याम्पका सेनाको भनाइ छ ।

बाघ देखेको केही समयमा नै क्याम्पका सेनाले पर्सा राष्ट्रिय निकुञ्जको कार्यालय आधाभारलाई जानकारी गराएको थियो ।

निकुञ्जको टोलीले बाघ भएको वनक्षेत्रतर्फ निगरानी राख्दै गर्दा सो बाघ द्रुतमार्गनजीकै देखिएपछि निकुञ्जको टोली त्यसतर्फ अघि बढेको र बाघ भुइँमा ढलेको अवस्थामा फेला परेको घटनास्थलमा पुगेका पर्सा राष्ट्रिय निकुञ्जको कार्यालय आधाभारका सहायक वार्डेन सूर्य खड्काले बताए । हामी घटनास्थल पुग्दासम्म ढुकढुकी सास थियो । अपराहन करीब ४ बजेतिर मृत्यु भएको उनले बताए । सो बाघको मृत्युको कारण अन्य जङ्गली जनावरसँग जुधेर घाइते भएको र उमेर पनि ढल्किसकेको पाइएको र शरीरका केही ठाउँमा पुराना घाउहरू पनि देखिएको र दाऱ्हा पनि कमजोर रहेको पाइएको स्थलगत प्रारम्भिक अनुसन्धानबाट खुलेको सहायक वार्डेन खड्काले बताए ।

बाघको मृत्युको थप कारण विज्ञसहितको टोलीले गहिरो अनुसन्धान र शल्यपरीक्षण रिपोर्टबाट मात्र खुल्ने पर्सा राष्ट्रिय निकुञ्जको कार्यालय आधाभारका प्रमुख अशोक रामले फोन सम्पर्कमा बताए ।

बाराको निजगढस्थित बकैया-नागमणि सामुदायिक वनक्षेत्र हुँदै द्रुतमार्ग सङ्घीय राजधानी काठमाडौं जोड्ने क्रम अघि बढिरहेको छ । यस सामुदायिक वनक्षेत्रसम्म निकुञ्ज विस्तार गरिएसँगै विश्व संरक्षित वन्यजन्तुको सूचीमा रहेको पाटेबाघको वृद्धि भएको निकुञ्जले जनाएको छ ।

घटनापछि डिभिजन वन कार्यालय, बाराको टोली, सामुदायिक वन समूहका पदाधिकारीहरू, इलाका प्रहरी कार्यालय निजगढका प्रमुख, जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढका प्रमुखलगायतको उपस्थितिमा स्थलगत सर्जमिन मुचुल्का गरी मृत बाघको शल्यपरीक्षणको लागि साँझ अबेर निकुञ्ज लगिएको थियो ।

## जरिवाना नतिर्नेले पनि चुनावमा लड्न पाउने

प्रस, वीरगंज, १४ असोज/
स्थानीय निर्वाचनमा पर्सा जिल्लाबाट उम्मेदवार भएर निर्वाचन आयोगलाई हिसाबकिताब नबुझाउनेहरूले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा भाग लिन पाउने भएका छन् ।

जिल्ला निर्वाचन कार्यालय, पर्साका प्रवक्ता अरुण ठाकुरले जरिवाना बुझाउनका लागि छ महीना समयावधि दिइएकोले यो अवधिभित्र हुने निर्वाचनमा भाग लिन पाउने तर त्यसपछिको निर्वाचनमा भने हिसाब नबुझाएका, जरिवानामा परेकाहरूले उम्मेदवार हुन नपाउने प्रस्ट्याए । उनले निर्वाचन आयोगमा जरिवाना सम्बन्धमा छलफल भइरहेको जानकारी गराएका छन् । निर्वाचन खर्च नबुझाउनेहरूमा अधिकांश गरीबवर्गका मानिसहरू परेकाले उनीहरूको सन्दर्भमा के गर्ने भन्ने विषयमा छलफल भइरहेको बताए ।

पर्सा जिल्लामा निर्वाचन आयोगले तोकेको मितिमा स्थानीय तह निर्वाचन अन्तर्गत पालिका, कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनसमेतमा उम्मेदवार रहेका तीन हजार ४७६ जनामध्ये ४८ जनाले मात्र समयमा खर्च विवरण पेश गरेका थिए । निर्वाचन खर्च विवरण पेश नगरेकाहरूलाई निर्वाचन आयोगले महानगरका प्रमुख, उपप्रमुखको हकमा सात लाख ५० हजार, वडाध्यक्ष, सदस्यहरूको हकमा तीन लाख, नगरपालिकाका प्रमुख, उपप्रमुखको हकमा चार लाख ५० हजार, वडाध्यक्ष, सदस्यको हकमा तीन लाख, गाउँपालिका अध्यक्ष, उपाध्यक्षको हकमा तीन लाख ५० हजार र वडाध्यक्ष, सदस्यहरूको हकमा एक लाख ५० हजार जरिवाना तोकेको छ ।


निर्वाचन कार्यालय, पर्साका प्रवक्ता अरुण ठाकुर । तस्वीरः प्रतीक

## ड्राइपोर्टमा आगलागी नियन्त्रणसम्बन्धी प्रशिक्षण

प्रस, वीरगंज, १४ असोज/
वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाहमा आगलागी नियन्त्रणसम्बन्धी तालीम सम्पन्न भएको छ । डेढ घण्टे प्रशिक्षणमा आगलागी नियन्त्रणसम्बन्धी प्रदर्शनी आयोजना गरेर तालीम गराइएको थियो ।


तस्वीरः प्रतीक

ड्राइपोर्ट सञ्चालनको ठेक्का पाएको प्रिस्टिन भ्याली ड्राइपोर्ट प्रालिले उक्त तालीमको आयोजना गरेको थियो । जसमा कम्पनीका सुरक्षा उपमहाप्रबन्धक हाकिम खान, वरिष्ठ प्रबन्धक अमरिश कुमार, बिसिएन विभाग प्रमुख सुनील कुमार, बिआरएन एकाइ प्रमुख सन्तोष कुमार, सिएफएस वेयरहाउस एकाइ प्रमुख सतीश सहनी, भन्सार प्रमुख जयबहादुर भण्डारी, सशस्त्र प्रहरी एकाइ प्रमुख एवं प्रनि सुभाष थापालगायतको सहभागिता रहेको प्रिस्टिन भ्याली ड्राइपोर्ट प्रालिका प्रमुख अतुल शर्माले जानकारी गराए ।

तालीमको क्रममा प्रिस्टिनका सुरक्षाकर्मी, सशस्त्र प्रहरीका सुरक्षाकर्मी, भन्सार कर्मचारीहरूलाई ए, बी, सी, डी गरी चार वर्गको आगलागी नियन्त्रणको लागि फायर एक्सटिङग्युजरलाई सही तरीकाले कसरी प्रयोग गर्नेबारेमा सिकाइएको थियो ।

## इप्रका, कालिकामाईको भवन उद्घाटन

प्रस, पोखरिया, १४ असोज/
इलाका प्रहरी कार्यालय, कालिकामाई गाउँपालिकाको नवनिर्मित भवनको उद्घाटन मधेस प्रदेश प्रहरी प्रमुख डिआइजी मसउद आलम खाँले गरेका छन् ।


तस्वीरः प्रतीक

भवनको उद्घाटन गर्दै डिआइजी खाँले प्रहरी कार्यालय स्थापना भएपछि अपराध नियन्त्रण तथा सामाजिक विकृति निरुत्साहित गर्न सहयोग पुग्ने बताए । उनले प्रहरी युनिटलाई सेवा पारदर्शी बनाउन र निष्पक्ष सेवा गर्न आग्रह गरे ।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेत, अध्यक्ष वशिष्ठ कुमार, सहायक सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेल, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीलगायतको सहभागिता थियो ।

कालिकामाई गापाले सात कट्ठा जग्गा प्रदान गरेपछि दुई करोड ३२ लाखको लागतमा भवन निर्माण भएको हो । कार्यालय, गार्ड, जवान र प्रहरी हवलदार ब्यारेक, महिला ब्यारेक, सञ्चार शाखा, कार्यालय प्रमुख कोठा, शौचालय, थुनुवा कोठा, भान्सा कोठा निर्माण भएको छ ।

२०७७ सालमा तत्कालीन गापा अध्यक्ष स्व नथुनी कुशवाहाको पहलमा प्रहरी भवनको लागि सात कट्ठा जग्गा खरीद गरिएको थियो ।

## करेन्ट लागेर मृत्यु

प्रस, सप्तरी, १४ असोज/
सप्तरीको छिन्नमस्ता गाउँपालिकाको ललापटीमा शुक्रवार दिउँसो करेन्ट लागेर एकजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा छिन्नमस्ता-४ ललापटी बस्ने ५० वर्षीय नारायण यादव रहेको प्रहरी नायब उपरीक्षक माधव काफ्लेले जानकारी दिए । घरदेखि केही टाढा आफ्नै खेतबारीमा जडान गरिएको कृषि मिटरद्वारा पानी तान्ने क्रममा मोटरबाट करेन्ट लागेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।


नेपालीहरूको महान् पर्व बडादशैं, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा पर्सागढी नगरपालिका वडा नं ८ का बासिन्दामा सुख-शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।
सुन्दरीदेवी थरुनी (वडाध्यक्ष)
प्रमिला चौधरी (वडासचिव)
वडासदस्यहरूः
बृजमोहन दास, विजय साह कलवार, उमरावती देवी, ममतादेवी राम
पर्सागढी नगरपालिका-८ वडा समिति कार्यालय परिवार

## विचारसार र सूक्तिहरू

**'औषधि' औषधिको बोतल र गोली मात्र होइन। केही औषधि यस्ता छन्, जसको उपयोग गर्दा कुनै रोग लाग्दैन। जस्तै–२. प्रातः भ्रमण एउटा औषधि हो।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# प्रदेशको सिमाना

**वाग्मती प्रदेशको मकवानपुर जिल्लातर्फबाट मधेस प्रदेशको बारा जिल्लातर्फको सीमा अतिक्रमण गर्ने कार्य भइरहेको चुरे क्षेत्रका बासिन्दाको गुनासो छ। बारा जिल्लाको निजगढ नगरपालिका वडा नं १० लालको वनक्षेत्र, मकवानपुर जिल्लाको बकैया गाउँपालिका क्षेत्रका बासिन्दाले मिचेको गुनासो प्रदेश स्थापनाकालदेखि नै आइरहेको छ। बकैयाका बासिन्दाले लालतर्फको जङ्गल मिचेर निजी जमीन बनाउन थालेपछि आफ्नो भूमि अर्को प्रदेशले अतिक्रमण गरेको भन्दै मधेस प्रदेशतर्फका बासिन्दाले वन कार्यालयमा जाहेरी दिएका थिए। सो सम्बन्धमा अझै छानबीन भइसकेको छैन। यसरी विवादित जमीन खरीद–बिक्री गर्ने गिरोहसमेत उक्त क्षेत्रमा सक्रिय देखिन्छ। त्यसैगरी, मधेस प्रदेशकै पश्चिमी किनारा अवस्थित ठोरी गाउँपालिकाको क्षेत्रमा पनि वाग्मती प्रदेश अन्तर्गतको चितवन जिल्लाले, मधेस प्रदेश अन्तर्गत सीमा अतिक्रमण गरेको कुरा सार्वजनिक भएको छ। ठोरी गाउँपालिका क्षेत्रको करीब २३.३८ वर्ग किलोमिटर भूभाग चितवनको माडी नगरपालिकाले उपभोग गरिरहेको कुरा ठोरी गाउँपालिकाको पार्श्वचित्र २०७८ मा उल्लेख छ। ठोरीको दाबी अनुसार हाल ठोरी र माडीको सीमा भनिएको अमुवा खोलाबाट थप सवा सात किलोमिटर पश्चिम बगही खोलाको किनारा माडी–ठोरी अर्थात् वाग्मती प्रदेश र मधेस प्रदेशको सिमाना हो।**

**मुलुक सङ्घीयतामा प्रवेश गरेर सातवटा प्रदेशमा गएपछि सङ्घीय सरकारले मुलुकको राजनीतिक नक्शा प्रकाशित गऱ्यो। उक्त नक्शामा जिल्ला, तत्कालीन गाविस र वडाहरूलाई सीमाको आधार मानिएको थियो। यसमा पनि नदी र पहाड तथा चुचुराहरू सीमा छुट्ट्याउने महत्त्वपूर्ण आधारहरू राखिएका छन्। जस्तै मधेस प्रदेश र वाग्मती प्रदेशको सीमा क्षेत्र चुरेमा उत्तरतर्फको पानी ढलो वाग्मती प्रदेशमा र दक्षिणतर्फको पानी ढलो मधेस प्रदेशमा पर्छ। यहाँ चुरेको चुचुरो नै प्रदेशको सीमास्तम्भ हो। हिजो जिल्ला–जिल्लाबीचको सीमा आधार पनि यसैगरी निर्धारण गरिएका थिए। सीमा क्षेत्रका नदी, खोलाहरू पनि प्राकृतिक सीमा बनेका छन्। खासगरी बाराको चुरे क्षेत्रमा विवाद हुनुनपर्ने हो। किनभने त्यहाँ चुचुरो र पानी ढलो हेरे कसको सीमा कता पर्छ भन्ने कुरा छर्लङ्ग हुन्छ।**

**राज्यबीच सीमा विवादका कारण छिमेकी मुलुक भारतमा अप्रिय घटनाहरू धेरै घटिसकेका छन्। समयमा सचेत नहुने हो भने एक दिन हाम्रो मुलुकमा पनि त्यो दिन नआउँला भन्न सकिंदैन। सीमा क्षेत्रका अधिकांश स्थान पिछडिएका छन्, तर यो सधैं पिछडिएकै अवस्थामा रहन्न भन्ने छैन। पर्यटन, सडक र वन पैदावर, पानीको स्रोत, खनिज तथा खानीलगायतका सम्भावनाहरू हुन सक्छन्। जुन दिन सम्भावनाको भण्डार देखिन्छ, त्यही दिनबाट विवाद शुरू हुन्छ। तेरो–मेरो चल्न थालेपछि कानून, मसललगायतमा परस्पर विरोधी पक्षले लगानी ओइऱ्याउनेछन्। पर्सा जिल्लाका दुईवटा पालिकाले एउटा खोलामा दाबी गरेपछि त्यहाँ विवाद चल्यो। त्यो विवाद अदालतमा पुगेपछि उक्त खोलाको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन हुन सकेन। यसले पालिकाको राजस्वमा घाटा त पुग्यो नै। स्थानीय विकास निर्माणसमेत नराम्ररी प्रभावित भए। यसर्थ जटिल समस्या आउनुपूर्व नै सङ्घीय सरकारले हरेक पालिका तथा प्रदेशको सिमाना यकीन गराउनुपर्छ। यसको निम्ति सङ्घ सरकारले [redacted] गरी काम थालनी गर्नु जरुरी छ।**

# पृथ्वीमा समयसीमा– एक्सपायरी डेट नभएको केही पनि छैन

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**युद्ध कुनै पनि पवित्र वा अपवित्र हुँदैन। युद्ध त केवल युद्ध हो, जहाँ दया र सेवाको गुन्जाइस हुँदैन। युद्धमा फल्ने फुल्ने भनेकै घृणा, क्रोध, हिंसा, क्रूरता, अमानवीयता नै हुन्। प्रत्येक युद्धमा विजेताले आफूलाई देवत्वकरण गर्छ र हारेका प्रतिपक्षीलाई राक्षस, आतङ्कवादी भन्छ।**

हिन्दू धर्मावलम्बीहरूको पात्रो अनुसार भोलि आइतवार असोज शुक्ल सप्तमी हो। अर्थात् फूलपाती भित्र्याउने दिन। देशैभरि विजयादशमीको रौनक छाइसकेको छ। सँगसँगै विजयादशमी अर्थात् विजयको यो दशैं मनाउनुहुँदैन भन्ने बहस पनि तीव्ररूपमा सामाजिक सञ्जालहरूमा उठिरहेको छ। हिन्दू आर्यहरूले यो पर्व मनाउँदै आए पनि मङ्गोलियनहरूको यो पर्व आफ्नो होइन। विगतमा जबरजस्ती सत्ताको सैन्यबल प्रयोग गरेर मङ्गोलियनहरूलाई पनि मनाउन बाध्य पारिएको दशैं अब मनाउनुहुन्न भन्ने कुरा मङ्गोलियन तथा दलितहरूले जबरजस्तरूपमा उठान गरेका देखिन्छन्। हिन्दूहरूको धर्मग्रन्थमा राक्षस अर्थात् असुर भनिएकाहरू वास्तवमा कुनै राक्षस थिएनन्, बरु आर्यहरू नेपाल तथा भारत आउनुपूर्व यहाँ रहेका जनजाति, आदिवासी, अनार्य अर्थात् असुरहरूको राम्रो सभ्यता फलेफुलेको थियो। त्यति बेला सुर अर्थात् देवता अर्थात् आर्य भारतीय भूमिमा प्रवेश गर्दा त्यहाँ रहेका असुर अर्थात् अनार्य वा उनीहरू (आर्यहरू)द्वारा भनिएका राक्षसहरूको विकसित सभ्यता थियो। हो, त्यो सभ्यतालाई ध्वंश नगरेसम्म आर्यहरूको सत्ता कायम हुनेवाला थिएन। त्यही सत्ताको प्रभुत्वको लागि पटक–पटक भारतीय भूमिमा आर्य र अनार्यबीच युद्धहरू भए। यस युद्धमा छल, बल, कल, कपटको प्रयोग गरेर अनार्यहरूमाथि आर्यहरू विजयी भएका हुन्, जसलाई हिन्दू धर्मग्रन्थहरूमा देवासुर सङ्ग्रामको नामले पनि उद्धृत गरेको पाइन्छ।

यस्तै, एक असुर अर्थात् भैंसी पाल्ने किसानी गर्नेहरूका राजा महिषासुर, शुम्भ, निशुम्भलगायत असुरहरूलाई उनको सभ्यता र सत्ताबाट बेदखल गरी आफ्नो सत्ता स्थापना गरिएको लडाइँमा सुरहरू सीधा आमुन्ने–सामुन्नेको लडाइँमा विजय नहुने अवस्था देखिएपछि दुर्गालाई प्रयोग गरी छलद्वारा असुर राजा महिषासुरलगायतको हत्या गरी राज्य हत्याएको दिनलाई विजयोत्सवको रूपमा दशैं नामकरण गरेर मनाउँदै आएको पर्व हो। सुरहरू विजयी भइसकेपछि भारतको वैशालीबाट नेपालमा हिंडेको तथ्य सबैलाई थाहै छ। त्यति बेला नेपालमा मङ्गोलियनहरूकै राज्य थियो। लिगलिगकोट दौडमा विजयी हुने घले (मगर) राजा बनाउने चलनबाट फाइदा उठाएर छल र बलको प्रयोग गरी दौड जितेको घोषणा गरेर शाहवंशको राजा गोर्खामा आएको इतिहास कसैलाई थाहा छैन ? शाहवंशीय राजाहरू आइसकेपछि हिन्दूकरण गर्ने कुरा उनीहरूले जबरजस्त ढङ्गबाट ल्याएको देखिन्छ। जस अन्तर्गत दशैं भन्ने पर्व राज्यबाटै लामो बिदा दिने, खसी–बोका मारकाट (भोग, बलि) दिनैपर्ने, दशैं मनाएको प्रमाण स्वरूप मङ्गोलियनहरूले आफ्नो निधारमा टीका, टाउकोमा जमरा तथा घरको भित्तामा पशुबलि दिंदा रगत दुवै हातमा लगाएर पञ्जाको छाप सरकारी मान्छे आउँदा देखाउनैपर्ने गरी लगाउने चलन अझैसम्म रहँदै आएको छ। खासगरी मङ्गोलियनहरू गाई, गोरु, भैंसी, राँगा खाने हुनाले गाई हिन्दूहरूको आमा हो, त्यसैले यो राष्ट्रिय जनावर घोषित गरियो र गाई काट्न पूर्ण प्रतिबन्ध तथा दण्ड जरिवानाको व्यवस्था गरियो। यसरी त्यति बेला धनकुटामा अठपहरिया राईहरूले विजयादशमीको विरोध गर्दा उनीहरूलाई झुन्डयाएर मारिएको थियो। रिदमा राईलगायतका मानिसहरूलाई झुन्ड्याउनुपर्ने एउटै कारण थियो, त्यो हो उनीहरूले दशैं नमनाएको।

हिन्दूहरूको धर्मग्रन्थमा असुरहरूलाई राक्षस नराम्रो गरी चित्रण गरिएको देखिन्छ, जबकि असुरहरू के–कति कारणले खराब थिए भन्ने कुरो कतै प्रमाणित तथ्यको वर्णन छैन। बरु असुरहरूको मुख्य बसोबास गर्ने थलो भारतको दक्षिणी भूभागमा आजसम्म पनि असुर भनिएका राक्षसहरू नै उनीहरूको मूलदेवता हो र उनीहरू त्यसकै पूजाआजा गर्ने गर्छन्। दक्षिण भारतमा रावणका मन्दिरहरू सजिलै देख्न पाइन्छ। दक्षिण भारतको राजनीति र समाज दुवैले असुरहरूलाई नै मान्यता दिएको देखिन्छ। तर हामीकहाँ सत्र हजार नेपालीको बलिदानबाट आएको संविधानसभाले जसमा क्रान्तिकारीहरूको वर्चस्व थियो, संविधान बनाउनै पाएनन्। दोस्रोचोटि भएको संविधानसभा निर्वाचनमा क्रान्तिकारीहरूको अवस्था कमजोर भयो र कथित सङ्घीय लोकतान्त्रिक गणतन्त्र नामको सत्ता स्थापना भएपनि राज्यमा नोकरशाहीतन्त्र पुरानै शैलीमा परिचालित रहँदै आएको हुनाले जनताको जीवनमा देखिने गरी कुनै परिवर्तनको अनुभूति भएन। भ्रष्टाचार झन्–झन् सङ्गठित र राज्यद्वारा नै संस्थागत हुँदै गयो। फलस्वरूप लामो समयदेखिको राजनीतिक अस्थिरताबाट अझै पनि देशले मुक्ति पाउन सकेको छैन।

जेहोस्, सबै कालखण्डमा जित्नेहरूले लेखेको इतिहासमा हार्नेहरूको चरित्र हत्या गर्ने तथा आफ्नो गुणागान गर्ने परम्पराबाट हिन्दू संस्कृति पनि अछूतो रहेन। फलस्वरूप असुरहरूलाई राक्षस भनियो र आर्यहरूले आफूलाई देवत्वकरण गरे। सम्पूर्ण सृष्टि नै आफूले उत्पत्ति गरेको, आफूबाटै सञ्चालन र संहार हुने गरेको भन्नसमेत धर्मग्रन्थहरूमा भ्याए। वास्तवमा यी असुर अर्थात् मङ्गोलियन र देवता, सुर अर्थात् आर्य भनिएकाहरूको को हुन् ? यिनीहरू कहाँबाट आए ? आउनुस् इतिहासको पानामा एकै क्षण प्रवेश गरौं :

हामी सबैलाई थाहा भएकै कुरो हो कि आजको युग अन्धविश्वास र रूढिवादिताको युग होइन। अन्धविश्वास, पूजापाठ, धर्मकर्म जति गरे पनि त्यसले कुनै भौतिक विकास वा समस्याको समाधान गर्न सक्दैन। आजको संसारमा त्यो देश नै सर्वशक्तिमान वा समृद्ध तथा विकसित छ, जसले सबैभन्दा बढी विज्ञान तथा प्रविधिको प्रयोग गरेको छ। आधुनिक विज्ञानले मानवको उत्पत्तिबारे के भन्छ ? थोरै चर्चा गरौं।

सन् १९१४ मा रूसका एक वैज्ञानिक टोलीले मानव उत्पत्तिबारे लामो अनुसन्धानपछि तीन फरक–फरक अस्तित्व भएका मानिसहरूको उत्पत्ति तीन फरक–फरक स्थानमा भएको पत्ता लगाए। जस अनुसार पहिलो– मङ्गोल, दोस्रो आर्यन् र तेस्रो हप्सी। अहिलेको MAN भनेको M: Mangol, A: Aryan, N: Negro अर्थात् मान्छे हो।

रसियाली वैज्ञानिकहरूले उक्त स्थानमा खोज गर्दा पाइएका मानव वस्तु, दाँत, हाडको डिएनए र उक्त समयमा प्रयोग भएका औजारहरूको मुख्यरूपमा अनुसन्धान गरेका थिए। उनीहरूको खोज अनुसार मङ्गोलहरूको उत्पत्ति नेपाल र तिब्बतको पहाडी क्षेत्र रहेको छ। उत्पत्ति समय एक करोड दश लाख वर्ष तथा गुणहरूमा गोलाकार अनुहार, चिम्से आँखा, सानो थेप्चो नाक, सानो टाउको, होचो कद, कम रौं आउने, पहेंलो रङ्ग हुने उल्लेख छ। यस अनुसन्धानमा नेपालको रूपन्देही जिल्ला र पाल्पा जिल्लाको सिमानामा पर्ने दोभानमा भेटिएका दाँत र हाड तथा नवलपरासीमा भेटिएका पुराना औजारहरूलाई आधार मानिएको हो। त्यसैगरी आर्यन यिनीहरू रसियाको ककेसिया पहाडमा करीब असी लाख वर्षअगाडि उत्पत्ति भएका हुन्। आर्यनहरूको चुच्चो नाक, लामो अनुहार, अग्लो कद, ठूला आँखा, रौं धेरै आउने, सेतो रङ्ग हुने उल्लेख छ। यिनीहरू रूसको ककेसियन पहाड र ब्लैक सीको बीचको क्षेत्रमा पाइएको मानव दाँत र हाडको अध्ययनबाट थाहा भएको हो। तेस्रो हब्सी, यिनीहरूको उत्पत्ति दक्षिण अफ्रिकी महादेशमा लगभग एक करोड ४० लाख वर्ष अगाडि भएको हो। यिनीहरूको घुम्रिएको कपाल, गाढा कालो छालाको रङ्ग हुन्छ। अफ्रिकाको इथियोपिया देशमा भेटिएको मानव दाँत र हाडको आधारमा उक्त अनुसन्धान गरिएको हो।

यस प्रकार माानिसका यी तीन प्रकारमा कुनै पनि राम्रो र नराम्रो भन्ने कुरो हुँदैन। समयको लामो कालखण्डमा यिनीहरूबीच सत्ता र शक्तिको लागि (खासगरी निजी सम्पत्ति र परिवारको जन्म समाजभित्र भइसकेपछि) निकै ठूलठूला सङ्घर्षहरू भए। युद्ध कुनै पनि पवित्र वा अपवित्र हुँदैन। युद्ध त केवल युद्ध हो, जहाँ दया र सेवाको गुन्जाइस हुँदैन। युद्धमा फल्ने फुल्ने भनेकै घृणा, क्रोध, हिंसा, क्रूरता, अमानवीयता नै हुन्। प्रत्येक युद्धमा विजेताले आफूलाई देवत्वकरण गर्छ र हारेका प्रतिपक्षीलाई राक्षस, आतङ्कवादी भन्छ। युद्धको यो संस्कृतिलाई बोक्ने विकृत संस्कार, चाडपर्वलाई बोकिरहनुभन्दा वैज्ञानिक उत्पादनसँग जोडिएका संस्कृति निर्माणमा जुटे सबैको कल्याण हुनेछ। धार्मिक चाडपर्वको म्याद सकिएको छ। सर्वकालिक सत्य के हो भने पृथ्वीमा सबै कुराको म्याद सकिन्छ। समयमा नै चेत खोलौं।

# दशैं-तिहार फेस्टिभल-२०२२

कुमार रूपाखेती, अमेरिका/

भर्जिनिया र मेरिल्यान्डमा बस्ने नेपालीहरूले यही असोज ९ गते तद्नुसार २५ सेप्टेम्बर २०२२ आइतवारका दिन भर्जिनियाको मानाससस्थित बुलपार्कमा रमाइलो तरीकाले दशैं, तिहार फेस्टिभलको आयोजना गरेको थियो। कार्यक्रमको सुरुआत नेपाली राष्ट्रिय गीत 'सयौं थुँगा फूलका हामी'बाट शुरू गरिएको थियो भने दोस्रोमा अमेरिकी राष्ट्रिय गान बजाइएको थियो। यहाँको कार्यक्रम प्रस्तुतीकरण अत्यन्तै रोचक र आकर्षक थियो। गणेश नाच, भैरव नाच, कुमारी नाच, अष्टमातृका नृत्यपछि पुराना र आधुनिक नेपाली गीत र धुन बजाइएको थियो। दशैं आयो र लौ तिहार आयो, झिलिमिली गीतमा दर्शकहरूसमेत नाचेका थिए। कार्यक्रममा चैनटिलिटी, भर्जिनिया, मेरिल्यान्ड र अन्य स्थानका नेपाली कलाकारहरूले भाग लिएका थिए। आधुनिक बाजागाजासहितको उक्त कार्यक्रम हेर्न सयौं नेपालीबाहेक अमेरिकी, इटालेली, कोलम्बियाली, भारतीय आदि यहाँ बसोबास गर्नेहरूको ठूलो उपस्थिति थियो। अष्टमातृका नृत्यमा वीरगंज–४ बिर्ताकी रञ्जीता श्रेष्ठको नृत्य अब्बल थियो।






कार्यक्रममा नेपालीहरूले करीब–करीब एक सयवटा स्टल लगाएका थिए। स्टलहरूमा लत्ताकपडा, जुत्ता, कफी, जुस, म:म:बाहेक नेपाली परिकार सेलरोटी, टिम्मुर हालेको गोलभेंडाको अचार, आलुमूलाको अचार, लप्सीको अचार र तिलौराहरू समावेश थिए। सेल मीठो थियो र राम्रो बिक्री भएको देखियो। स्टल लगाएर मालसामानको व्यापारीको रूपमा कुम्हालटोलका प्रकाश सिंह ठकुरी, नीता सिंह र प्रणिका सिंहहरू भेटिए। कार्यक्रममा करीब हजारको हाराहारीमा नेपालीहरू उपस्थित थिए। निश्शुल्क आयोजना गरिएको उक्त कार्यक्रम बिहान ११ देखि साँझ ५ बजेसम्म चलेको थियो।

सोही स्थलमा बेलुकी ६:०० बजेदेखि नेपालबाट आएका कलाकारहरू निमा रूम्बा र नेपालकै १९७४ एडी ब्यान्डले तहल्कापूर्ण कार्यक्रम गरेर माहोल नेपालीमय बनाएका थिए। तर निमा रूम्बाहरूको कार्यक्रममा टिकट लिनुपर्ने। टिकट दर ३५ अमेरिकी डलर थियो। टिकटमा चिठा पनि राखिएको थियो र बडादशैं भएकोले पहिलो पुरस्कार ५० किलोको खसी थियो। उक्त कार्यक्रम साँझ ६ देखि राति ९ बजेसम्म तीन घण्टा चल्यो।



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# दशैं र साहित्यको सन्दर्भ

स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com

साहित्यलाई पनि संस्कृतिसित किन राखिन्छ भने यसले हरेक संस्कृतिलाई जोगाउनमा सहयोग गरेको छ। साहित्य र संस्कृतिको निकै नजीकको नाता हुन्छ। जसरी जीवनलाई पनि बाँच्ने कला मानिन्छ, जसरी कलालाई अभिव्यक्ति पनि मानिन्छ, त्यसरी नै साहित्यलाई जीवनको कला मानिन्छ। जीवनको कला भने पनि संस्कृति मात्र नभएर धेरै थोक हो। वास्तवमा दशैंले समग्र जीवनमाथि हस्तक्षेप नै गरेको छ। कसको जीवनलाई प्रभावित पारेको छैन र दशैंले ? एउटै लयमा चल्न नदिनुको अर्थ यहाँ प्रभावित पारेको हो भन्ने हो।

**हट्यो सारा हिलोमैलो हरायो पानीको वर्षा।**
**भयो भवानीको पूजा, चल्यो आनन्दको वर्षा॥**

कसले नपढेको होला यो कविता। यसले पनि त जीवन बोलेको छ नि। तर यसपटक हिलोमैलो हटेको छैन किनभने पानीको वर्षा हराएको छैन। अहिलेसम्म पानी परेको छ तर यो कविता लेख्दाको जमाना जस्तो वा यो कविता पढ्दाको जमाना जस्तो अहिले हिलोमैलो सडक हुने अवस्था पनि रहेको छैन।

अर्का एक कवि पनि यसरी कविता लेख्छन् :

**दशैं आयो हाम्रो सुखद रसिलो चाड गतिलो।**
**सुक्यो वर्षा भारी सब घर जम्यो भाव रसिलो॥**

यसमा भनिएको जस्तो भारी वर्षा अहिले सुकेको त छैन तर बाँकी भाव भने रसिलो भएको अवस्था हो। अहिले दशैं आएको छ। दशैंले अधिकांश मानिसलाई यही सुखद भावले पर्व मानेको सन्देश दिइरहेको छ। अहिले खेतमा धान निकै राम्रो भएर आएको किसानहरूको भनाइ छ। यही भावले दशैंको आनन्द बढाइदिएको छ। हर घरमा सुन्दर भाव जमाएको भने सही हो।

साँच्चिकै विदेशमा रहेका एक कविले दशैंको समयमा यस्तो कविता लेखेका छन् :

**रेगिस्तानको ताता हावा बहिरहने**
**बाफिलो बाफिलो भावरमा**
**पिठ्यूँमा आफ्नो सिङ्गै देश बोकेर**
**भोकाएका गिद्धहरूबाट जोगाउँदै**
**भेंडाका बथानहरू चराउँदै गर्दा**
**एक्कासि फोनको घण्टी बज्छ**
**र, सानी छोरीले तोतेबोली लर्बराउँदै सोध्छिन्**
**बाबा दशैं आयो**
**घर कहिले आउनुहुन्छ ?**
**म झसङ्ग हुन्छु**
**ए, दशैं पो आएछ।**

कोही कता छन् र कोही कहाँ छन्। कुन अवस्थामा छन् र पनि दशैं आएको छ। हो, जीवनको सम्पन्नता हो दशैं र त यसमा अभावको पनि भाउ छ र अभावको पनि मूल्य छ। धेरै कविता दशैंका यस्ता पनि छन्, जसमा अभाव र पीडाका साथै आक्रोश पनि अभिव्यक्त हुन्छ। आक्रोश बोल्नु पनि कविताको धर्म हो र धर्मले निर्वाह गर्न दिएको विषयवस्तुको स्वरूप कवितामा आउनु स्वाभाविक हो। दशैं मान्दै र दशैंको अवधिमा नै एक आक्रोशित कविले लेखेको एउटा अमूर्त लामो दशैं कविताको प्रारम्भका दुई पङ्क्ति :

**दशैंबाट दशैं हराएको खबर**
**छ छैन अखबारमा ?**

वास्तवमा दशैंको मूल दिनमा त अखबार बन्द हुन्छ। कविलाई यो थाहा नहुने कुरो त होइन नि। तर साहित्यमा त थाहा नभएको विषय पनि लेख्न पाइन्छ र थाहा भएको विषयमा पनि अज्ञान बन्न पाइन्छ। अझ दशैं त आफूले खोजेको जस्तै भइनदिने हो भने कविको भाव त फुटिहाल्छ नि। भाव फुट्नु भनेको कविता फुर्नु न हो, विषयवस्तु जुर्नु न हो।

अर्को एक कविले अभिभावकीय दायित्व निर्वाह गर्दाको क्रममा सम्भवतः दशैंलाई अप्ठ्यारो पर्वको रूपमा अर्थ्याएको हुनुपर्छ। विदेशमा रहेका अर्का कविले परिचयात्मक किसिमले दशैंप्रति सौम्य व्यङ्ग्य यसरी गर्छन् :

**हरेक साल**
**बालबालिकाहरूको मनमा**
**उमङ्ग लिएर आउने दशैं**
**अभिभावकहरूको सामु**
**बहीखाता लिएर आउने गर्छ।**

कविताले जीवन र प्रकृतिलाई पनि जोड्दछ। जीवन र संस्कृति त एक अर्काका अभिन्न अङ्ग हुन् नै। संस्कृतिलाई दर्शाउनु त कविताको धर्म पनि हो र जीवनलाई दर्शाउनु कविताको कर्म हो। धर्म र कर्म एकसाथ मिलेपछि कविताको भावमा उच्चता आउँछ नै। एक कविले लेखेको कविताको यो अंश निकै महत्त्वपूर्ण छ :

**कावा खाइरहेका चङ्गाहरूसँगै**
**उडेका मनमा सांस्कृतिक सुगन्ध**
**टीका जमरा बडाको आसिक**
**हार्दिक औ जीवन्त सम्बन्ध।**

अनन्त गहिराइमा रहेका मनका भावहरूलाई सतहमा ल्याउन शब्द त हुनैपर्छ। शब्दको चयन गर्ने बेलामा कविहरूले हास्यात्मकतालाई पनि प्रयोग गर्दछन्, व्यङ्ग्यात्मकताको पनि सहारा लिन्छन्। हुनत व्यङ्ग्यात्मकतालाई शैली अन्तर्गत राखिन्छ। यद्यपि शैली नै पनि त कविको निजत्व हो। एक कवि आफ्नो कवितामा व्यङ्ग्यात्मक शैलीमा यसरी लेख्छन् :

**विदेशी रक्सीको मातमा**
**आफ्नो भाषा संस्कृति सबै बिर्सिएर**
**विदेशी गीत गाउनुपर्छ**
**आफ्नै स्वाभिमान लुछ्नुपर्छ**
**राष्ट्रियताको टालोले मुख पुछ्नुपर्छ**
**दशैं आएछ।**

कुनै एक कविले दशैंलाई दशा भनेर पनि लेखेका रहेछन्। दशैंलाई दशा नै त नभनौं किनभने आफ्नो सामर्थ्यलाई बिर्सेर देखासिकी वा अन्ध अनुकरण गर्ने हो भने त जुनसुकै विषय वा पक्षले पनि

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ (३)

धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com

**"यु" संस्कृति**

हुनत युरोपभरि नै 'यु' संस्कृति छ तर अमेरिकाको यु संस्कृति अझै उदार छ। अमेरिकी समाज अन्य समाज जस्तो ज्यादै औपचारिक छैन। अमेरिकामा औपचारिकताभन्दा बढी शिष्टता छ। समानता छ। अनि उत्कृष्ट किसिमको स्वतन्त्रता पनि छ। त्यसैले यहाँको यु संस्कृति अझै मौलाएको छ।

"यु" संस्कृति भन्नाले सय वर्ष पुग्न थालेको वृद्ध होस् वा भरखरै दुनियाँ देखेको बालक, सबैलाई तिमी वा तपाईं भन्ने प्रचलन बुझिन्छ। सजिलोको लागि हामी यहाँ "यु" भन्नाले तिमी भन्ने अर्थ लगाउने छौं।

व्यक्तिको आर्थिक (धनाढ्य), सामाजिक (बहुचर्चित), राजनीतिक (प्रभावशाली नेता), वा धार्मिक (धर्मगुरु) हैसियत अनुसारको सम्बोधन नगरेर, यु संस्कृतिमा सबै किसिमका व्यक्तिलाई एकै किसिमले समान किसिमले मर्यादा दिएर सम्बोधन गरिन्छ। र त्यसरी गरिने सम्बोधन हो यु। देशका राष्ट्रपति हुन् वा प्रधानमन्त्री वा ज्यादै सामान्य किसिमको काम गर्ने कुनै एक व्यक्ति, यी दुई वर्गका व्यक्तिहरूलाई यु संस्कृतिमा तिमी नै भनिन्छ। अर्थात् भाषाद्वारा व्यक्तिहरूलाई माथि तल पारिंदैन। विभेद गरिंदैन। सबैलाई समान किसिमबाट व्यवहार गरिन्छ। अमेरिकामा यु संस्कृतिको अभ्यास निकै गरिन्छ। सबैलाई समान किसिमले इज्जत दिने गरिन्छ।

तर हाम्रो पूर्वीय संस्कृतिमा भने ज्यादै भेद गरिन्छ। भाषाद्वारा त झनै भेद गरिन्छ। व्यक्तिको हैसियत अनुसार उसलाई 'बक्सियोस्', 'हजुर', तपाईं, 'तिमी' र 'तँ' भन्ने चलन छ। यस क्षेत्रमा बहुसङ्ख्यक व्यक्तिहरूद्वारा बोलिने जुनसुकै भाषा होस्, हिन्दी वा नेपाली भाषा नै होस्, भाषाद्वारा व्यक्तिहरूलाई आवश्यकताभन्दा बढी सम्मान (चाकरी) गर्ने र तल खसाउने (हेप्ने) कार्य गरिन्छ। भाषाद्वारा नै सामान्य हैसियत भएका व्यक्तिहरूमाथि कति ठूलो अन्याय ? कुनै व्यक्ति गरीब हुँदैमा के उसलाई तँ भन्नुपर्ने हुन्छ र ? कुनै व्यक्ति धनी वा शक्तिशाली हुँदैमा उसलाई बक्सियोस् वा हजुर भन्न के जरुरी छ र ?

नेपालमा राजतन्त्र भएको बेला राजाहरूले त झनै भाषाद्वारा ठूलो सामाजिक भेदभाव र कुरीतिको अभ्यास गरेका थिए। अरूलाई सम्बोधन गर्दा तँ, तिमी, तपाईं, हजुर, बक्सियोस् जस्ता विभेदी आदरार्थी शब्दहरूको प्रयोग गर्दै नै, साथै आफूले कुन व्यक्ति वा समुदायलाई सम्बोधन गर्ने हो, त्यस अनुसार आफूलाई आदर दिन्थे। उदाहरणका लागि जनता वा सामान्य व्यक्तिलाई सम्बोधन गर्नुपर्ने हो भने 'हामीद्वारा यो व्यवस्था जारी गरिबक्सेको छ' भन्थे। दरबारभन्दा पनि दरबारभित्र काम गर्ने कमर्चारीहरूले चाकडीका भाषा बढी प्रयोग गर्थे। राजपरिवारका सदस्यहरूलाई खुशी पारेर आफ्नो काम निकाल्न उनीहरूलाई प्रभुसम्म पनि भन्थ्ये।

अमेरिकामा सबैलाई समान किसिमले आदर गरिने हुनाले यहाँ यु संस्कृति बलियो गरी मौलाएको छ। पाँच वा सात वर्षको बालकले पनि ८०-९० वर्षको वृद्धलाई 'हे डेविट, आर यु कमिङ टुडे' भन्न सक्छ। त्यसरी भन्न उसलाई समाजले स्वतन्त्रता दिएको छ। कुनै व्यक्तिले राष्ट्रपतिलाई होस् वा सामान्य एक कामदारलाई होस् यु भनेर सम्बोधन गर्न सक्छ। यो कारणले पनि अमेरिकालाई यु संस्कृतिको देश भन्न सकिन्छ।

# झिझिया : लोप हुँदै लोकसंस्कृति

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

"डाइन भतर कटनो कवन गुन सिखली
झिझिया पर बानवा चलइलस रे...
हमनी से भइल बा कवन गलतिया
हम के नजरिया लगवलस रे..."

हाँस्दै, खेल्दै र झिझिया गीत गाउँदै युवतीहरूको समूह गाउँमा डुलिरहेको थियो। झिझियाको गीत गुञ्जनसँगै बीचबीचमा मेलापात जानेबारे पनि प्रसङ्ग चलिरहन्थ्यो। माटोको घैंटोमा असीमित छिद्र थियो। सोहीभित्र दियो जलिरहेको थियो। घैंटोको माथिबाट ढकनाले छोपिएको थियो। युवतीहरूले आलोपालो गरी झिझिया शिरमा राख्थे। कसैले छिद्र गन्ती गर्‍यो भने शिरमा झिझिया



तस्वीरः फाइल

बोकेकी युवतीको मृत्यु हुने सामाजिक मनोविज्ञान पाइन्छ। त्यस कारण युवतीहरू झिझिया निरन्तर हल्लाइरहन्छन्।

युवतीहरूको समूहबाट एक्कासि आक्रोशित स्वर गुञ्जित भयो, "कवन पादना पथल चलइलख रे !" (कसले ढुङ्गाले हिर्कायो रे !) भन्दै युवतीहरूबीच खैलाबैला मच्चियो। धन्न झिझिया फुटेको थिएन। शरारती तत्त्वहरूमाथि युवतीहरू आक्रोशित भए। झिझियामाथि ढुङ्गा प्रहार गर्ने तत्त्वहरूलाई भाँतीभाँतीका शाप मिश्रित शब्दवर्षा भइरहेको थियो। कसले ढुङ्गाले हिर्कायो ? को हो ? कसको छोरा हो ? उसको पहिचान जान्ने उद्देश्यले झिझिया गीतको उत्सुकतामा केहीबेर विराम लाग्यो।

धेरैबेरपछि आक्रोशबाट सामान्य भएका युवतीहरू पुनः झिझिया गीत गाउँदै र नाच्दै रमाउन थाले। गीत गाउँदै घरघर र द्वारद्वार जान थाले।

**"घरे-घरे घूमी हमनी खेलिने झिझियावा**
**दियारा के देले छलकवलस रे...**
**ओझावा से कहेम हम सुन सब बतिया**
**कोइन तुरी मारी के बेलवलस रे..."**

अहिले युवतीहरू पूर्णरूपेण सजग थिए। झिझिया युवतीहरूको सुरक्षा घेरामा अघि बढिरहेको थियो। केही युवतीहरूको आँखा सम्भावित हर्कतमाथि केन्द्रित थियो। केही वयस्कजनले 'म छु नि' भन्दै युवतीहरूलाई हौसला दिंदै थिए। चार/पाँचजनाको वयस्क समूहमध्ये एकाधजना जिस्काउने प्रकृतिका थिए। एकजनाले जिस्काउने पारामा 'एक, दुई, तीन...' जोडजोडले उच्चारण गर्दै घैंटोको छिद्र गन्ती गरेझैं अभिनय गर्न थाले। युवतीहरूलाई साँच्चिकै छिद्र गन्ती गरेझैं लाग्यो र बेस्सरी झिझिया हल्लाउँदै अघि बढ्न थाले। कसैले ख्यालख्यालमा पनि गन्ती गर्न थाल्यो भने युवतीहरूलाई साँच्चिकै छिद्र गन्ती गरेको हो कि भन्ने लाग्छ र डराउँछन्। त्यस कारण तीव्र वेगमा झिझिया हल्लाउने गर्दछन्। यसरी दशहराको प्रत्येक रात झिझियाको गीत गुञ्जनसँगै हाँसो र ठट्टा पनि हुने गर्दछ।

**झिझिया**

दशहराको पावन पर्वसँगै परापूर्वकालदेखि मनाउँदै आइरहेको लोकसंस्कृति हो- 'झिझिया'। झिझिया मधेस प्रदेशको महत्त्वपूर्ण लोकसंस्कृति अन्तर्गत पर्दछ। मधेस प्रदेशका प्रत्येक जिल्लामा झिझिया उत्साहपूर्वक मनाइन्छ। यसका साथै झिझिया भारतको बिहार तथा उत्तरप्रदेश राज्यमा पनि मनाइने लोकसंस्कृति हो। स्थान अनुसार रीतिथितिमा अलिअलि भिन्नता पाइन्छ। युवतीहरू उत्साहपूर्वक झिझिया खेल्दै र गीत गाउँदै घरघर जान्छन्। झिझिया गाउने युवतीहरूको समूहलाई गाउँवासीले गच्छे अनुसार नगद वा अन्नपात कोसेली दिने चलन छ।

दशहराको दोस्रो दिन कामविशेषले गाउँको भ्रमण गरेर वीरगंज फर्किंदै गर्दा गोधूलि भइसकेको थियो। एकाधवटा गाउँमा ससाना नानीहरूले असीमित छिद्र भएको माटोको घैंटो शिरमा बोकी झिझिया गीत गाइरहेको दृश्य देखेर विगत स्मरण भयो। मोबाइलको ब्याट्री सकेर बन्द भएकोले तस्वीर खिंच्न सकिनँ। म बाल्यकालमा विलीन भएँ। उहिले घटस्थापनादेखि दशमीसम्म गाउँदेहातमा झिझिया हेर्न पाइन्थ्यो। वर्तमान परिप्रेक्ष्यमा विभिन्न कारणले झिझिया दुर्लभ संस्कृतिमा विलय हुन थालेको छ।

मूल्याङ्कन गर्दा पुरातन संस्कृति विलीन हुन लागेको आभाष हुन्छ। बाल्यकालताका फुपू र दिदीबहिनीहरू दशहराअगावैदेखि झिझियाबारे चर्चा गर्थे। घटस्थापनाको एक दिनअगावै झिझियाको लागि चाहिने माटोको घैंटो, दियो र तेल आदिको प्रबन्ध गरिन्थ्यो। घटस्थापना भइसकेपछि रातिको प्रतीक्षामा दिदी-बहिनी उत्साहित रहन्थे।

गाउँहरूमा महिलाहरूको समूहमा शिरमा असीमित छिद्र भएको माटोको घैंटोभित्र एउटा बलिरहेको दियो राखेर ढकनाले छोपिन्थ्यो। झिझिया लिएर घरघर घुम्दै, नृत्य गर्दै, गाली मिश्रित लोकगीत गाउँदै डुलिरहेको दृश्य अहिले लुप्त प्रायः भइसकेको छ। कथङ्कदाचित् ढुङ्गा वा गुलेलीले हानेर घैंटोमा हिर्काउने जस्ता हर्कत गर्ने युवाहरूको पनि कमी थिएन। विना कुनै वाद्ययन्त्रको झिझिया गीत कति कर्णप्रिय लाग्छ भन्ने कुरा बयान गर्न कठिन छ।

दुर्गापूजाको अवसरमा हुने यस लोकनृत्यमा महिलाहरूको सहभागितामा हुन्छ। नृत्यको दौरान महिलाहरूले 'झिझिया' लिएर सखी-सहेलीको झुन्डमा नृत्य गर्छन्। यस नृत्यमा केटीहरूले एकसाथ ताली बजाउँदै तथा बिस्तारै हिंड्दै गीत गाउने यो लोकपरम्परा अत्यन्तै अद्भुत र आकर्षक लाग्छ।

**जादूटोना**

दशहराको समयमा तन्त्रमन्त्र, सिद्धि, जादूटोना आदिको पनि बोलबाला रहन्छ। यस समय बोक्सी (तन्त्रमन्त्रले मानिसलाई कुभलो गर्ने महिला)ले पनि मन्त्र साधना गर्ने जस्ता सामाजिक मनोविज्ञान पाइन्छ। हुनत आजको वैज्ञानिक परिवेशमा बोक्सी वा जादूटोना जस्ता भ्रम कुनै पनि दृष्टिकोणले मान्य हुनुहुँदैन। कुनै समय थियो, जतिबेला समाजमा जादूटोना र ओझागुनी (झाँक्री)को प्रकोप उच्च थियो। जस्तो माहोल थियो, सोही अनुरूप सामाजिक मनोविज्ञान थियो।

जादूटोनाको प्रभावबाट मुक्तिका लागि दशहराको दश दिनसम्म गाली गीत गाउँदै बोक्सीलाई तर्साउने चलन विद्यमान छ। यसका साथै ब्रह्मबाबासँग विनती गरिन्छ। ब्रह्मस्थानमा महिलाहरूले शिरमा 'झिझिया' राखेर गीत गाउँदै नृत्य गर्छन्। झिझिया खेल्दै युवतीहरूले बोक्सीलाई गाली गर्दै आफ्ना भाइबन्धुको सुस्वास्थ्य र दीर्घायुको कामना गर्छन्। भनिन्छ कि नृत्य गरिरहेको बेला बोक्सीले झिझियाको छिद्र गिन्ती गरिहाल्यो भने उसको मन्त्रको प्रभावले नृत्य गर्ने युवतीको मृत्यु हुन सक्छ। त्यस कारण युवतीहरूले झिझियालाई निरन्तर हल्लाइरहन्छन्। स्थिर राख्दैनन्। सधैं घुमाइरहन्छन् कि कसैले छिद्र गिन्ती गर्न नसकोस्। बोक्सीमाथि गाली गीत गाइरहन्छन् कि कुनै पनि बोक्सी झिझियानजीक नआओस्।

**ओझेलमा लोकसंस्कृति**

विजयादशमीको दिन झिझियालाई विसर्जन गरिन्छ। लुप्त भइरहेको झिझिया गीतको संरक्षणको आवश्यकता छ। यद्यपि कथङ्कदाचित् झिझिया स्टेज कार्यक्रमको रूपमा सीमित हुँदै गइरहेको छ। गाउँदेहातमा आज पनि झिझिया गीतको अस्तित्व पुरनियाहरूमा सीमित छ। यसको संयोजन गरिएन भने बिस्तारै अस्तित्वलोप हुने निश्चित छ। गाउँदेहातमा जसले यस संस्कृतिलाई संरक्षण गरिरहेका छन्, त्यो प्रसंशायोग्य छ।

झिझिया एक पारम्परिक लोकनृत्य हो। जुन अहिलेका पुस्ताले बिर्सिंदै गइरहेका छन्। थाहा हुनु त परै जाओस्, आजको पुस्तालाई 'झिझिया' के हो भन्नेबारे पनि अपवादबाहेक थाहा नहोला। केही पुरनियाहरू होलान्, जसको स्मृतिमा अहिले पनि उहिलेको दृश्य अङ्कित होला। वर्तमान सेरोफेरोमा मोबाइल र इन्टरनेटमाथिको लिप्तताले लोकपरम्परा र संस्कृति लोपोन्मुख हुन थालेको छन्। झिझिया पनि यसबाट अछूतो छैन। आधुनिकताको असर झिझियामाथि परेको छ।

स्थानीय सरकार सञ्चालन ऐनले लोकसंस्कृति संरक्षण गर्ने अधिकार पालिकाहरूलाई दिएको छ। खोजीनिती गर्ने हो भने लोकसंस्कृति संरक्षणको नाममा पैसा खर्च भइरहेको छैन भन्ने होइन। तर त्यो केवल संस्कृति संरक्षणको घोडा चढी बेरुजू रकम फछ्र्योट गर्ने उपायको रूपमा प्रयोग भइरहेको छ।

# द्रोण पर्व–९५



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

त्यो भल्ल द्रुपदको छातीलाई छेडेर पृथ्वीभित्र छिऱ्यो र राजा द्रुपद मूर्छित भए। यो हेरेर सारथिले आफ्नो कर्तव्यको विचार गरेर उनलाई तत्कालै त्यहाँबाट टाढा लगिहाल्यो। अनि त त्यस भयङ्कर रात्रिमा द्रुपदको सेना रणभूमिबाट भागिहाले। वृषसेनको त्रासको कारणले सोमक क्षत्रिय पनि त्यहाँ टिक्न सकेनन्। प्रतापी वृषसेन सोमकहरूका अनेकौं शूरवीर महारथीहरूलाई परास्त गरी तत्काल राजा युधिष्ठिरको छेउमा पुगे।

अर्कोतिर प्रतिविन्ध्य क्रोधित भएर कौरवसेनालाई दग्ध पार्दै थिए, उनको सामना गर्नको लागि तपाईंको पुत्र महारथी



दुश्शासन पुगे। उनले प्रतिविन्ध्यको निधारमा तीनवटा बाण हानेर उनलाई घाइते पारिदिए। प्रतिविन्ध्यले पनि अनेकौं बाण हानेर दुश्शासनलाई घाइते पारिदिए। अनि दुश्शासनले आफ्ना उग्र सायकहरूबाट प्रतिविन्ध्यका घोडाहरूलाई मारेर एउटा भल्ल हानी उनको सारथिलाई मारेर यमलोक पठाइदिए। यसपछि उनको रथलाई पनि टुक्रा–टुक्रा पारिदिए। फेरि एउटा क्षुरप्र हानेर उनको धनुषलाई पनि काटिदिए। प्रतिविन्ध्य सुतसोमको रथमाथि गएर बसे र हातमा धनुष लिई तपाईंका पुत्रहरूलाई बाणबाट व्यथित पार्न थाले। तदन्तर तपाईंका योद्धाहरू विकट रथसेना लिएर आई तपाईंका पुत्रहरूलाई चारैतिरबाट घेरामा लिई भयङ्कर युद्ध गर्न थाले। त्यति बेला दुईटै सेनाहरूको बीचमा महान् हारकारी युद्ध मच्चियो।

यसै प्रकार एकातिर नकुलले पनि तपाईंको सेनाको संहार गरिरहेका थिए। उनको सामना गर्नको निम्ति क्रोधले भरिएका शकुनि आइपुगे। ती दुवै एकापस्तमा बैरभाव राख्दथे र दुवै शूरवीर थिए, दुवैले एकअर्काको वध गर्नको निम्ति परस्पर बाणको आघात गर्न थाले। जसरी नकुलले बाणको झरी लगाउँदै थिए, त्यसै प्रकार शकुनि पनि। शरीरमा बाण रोपिएका कारणले ती दुवै कुनै काँढादार रूखझैं देखिइरहेका थिए। यतिकैमा शकुनिले नकुलको छाती ताकेर कर्णी नामक एउटा बाण हाने। त्यसको आघातबाट व्यथित भएर नकुल मूर्छित भई रथको पछिल्लो भागमा गई बसे। अलिकबेरमैं होश खुलेपछि नकुलले शकुनिमाथि साठीवटा बाण हाने। त्यसपछि उनको छाती ताकी सयवटा नाराच नामक बाण हाने र उनले हातमा उचालेको धनुषलाई पनि काटिदिए। तत्पश्चात् ध्वजालाई काटेर भुइँमा खसालिदिए र एउटा अर्को बाण हानेर उनको दुईटै तिघ्रालाई च्यातिदिए। यस चोटलाई शकुनिले सम्हाल्न सकेनन् र बेहोश भई रथको पछिल्लो भागमा गई पछारिए। अनि सारथिले उनलाई रणभूमिबाट बाहिर लिएर गए तथा नकुलको सारथि आफ्नो रथलाई आचार्य द्रोणको छेउमा लगे।

अर्कोतिर कृपाचार्यले शिखण्डीमाथि धावा गरे। उनलाई नजीक आइरहेको हेरेर शिखण्डीले नौवटा बाण हानेर उनलाई घाइते पारिदिए। कृपाचार्यले पनि शिखण्डीमाथि अनेकौं बाणको प्रहार गरे। अनि त ती दुईबीच भयङ्कर संग्राम हुन थाल्यो। शिखण्डीले एउटा अर्द्धचन्द्रकार बाण हानेर कृपाचार्यको धनुषलाई काटिदिए। यो हेरेर कृपाचार्यले शिखण्डीमाथि शक्ति प्रहार गरे। शिखण्डीले अनेकौं बाण हानेर त्यस शक्तिलाई टुक्राटुक्रा पारिदिए। अनि कृपाचार्यले अर्को धनुष लिएर शिखण्डीमाथि बाणको झरी लगाइदिए। यसबाट शिथिल भएर शिखण्डी रथको पछिल्लो भागमा गई बसे। र शिखण्डीलाई यस अवस्थामा पुगेको हेरेर कृपाचार्यले उनीमाथि झन् बाणवर्षा गर्न थाले। अनि त उनी भाग्न बाध्य भए। यो हेरेर पाञ्चाल र सोमक वीरहरू उनलाई चारैतिरबाट घेरी उभिए। यसै प्रकार तपाईंका छोराहरू पनि सेनाको ठूलो डफ्फाको साथ कृपाचार्यलाई चारैतिरबाट घेरामा हाली डटे। अनि दुवै दलबीचमा ठूलो संग्राम हुन थाल्यो। त्यति बेला कसैले कसैलाई चिनिरहेका थिएनन्। मोहवश पिताले पुत्रमाथि र पुत्रले पितामाथि, मित्रले मित्रकै प्राण हरण गरिरहेका थिए। मामाले भान्जामाथि र भान्जाले मामामाथि प्रहार गर्दै थिए। दुईटै पक्षका मानिसहरू स्वजनहरूमाथि नै हमला गरिरहेका थिए। रात्रिको त्यस भयङ्कर युद्धमा कुनै नियम थिएन। कुनै मर्यादा शेष थिएन। क्रमशः...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

यदि तपाईं आफ्नो मार्गमा सक्रिय हुनुहुन्छ भने त्यो मार्गले तपाईंलाई सफलताको शिखरमा डोऱ्याउँदै पुऱ्याउने छ। तपाईंलाई आन्तरिक आनन्द प्राप्ति हुनेछ। यहाँ सबै कुरा आन्तरिक यात्राको भइराखेको छ। निर्णय क्षमताको भइराखेको छ। आफूलाई आफैंमाथि विश्वास भइराखेको छ। यहाँ भौतिक बनोटहरूका कुरा भइराखेको छैन। तपाईंलाई काठमाडौं जानु छ, सबैजना काठमाडौं जाने बसमा चढिरहेका छन्। तपाई आफ्नो अलग बाटो खोजेर विराटनगरको बसमा चढ्नुस् भन्न खोजिएको होइन।

जीवनको बाहिरी नियम अनुसार कसैसँग सिक्नु, कसैको नक्कल गर्नुलाई ठीक मानिन्छ तर जब कुरा अध्यात्म वा आन्तरिक जीवनको आउँछ, सृजनात्मकताको आउँछ, मनोविज्ञानको आउँछ, अनुसन्धानको आउँछ, जीवनदर्शनको आउँछ भने त्यहाँ मानसिकरूपले आफूले आफैंलाई भीडबाट अलग गर्ने र आफ्नोलागि आफैं बाटो खोज्ने साहस हुनु जरुरी छ। तपाईंको मानसिक जीवनमा तपाईंको भूमिका मुख्य हुनुपर्छ। यदि तपाई आफ्नो मानसिक जीवनमा अरूको भूमिकालाई ज्यादा महत्त्व दिनुहुन्छ भने आजैदेखि आफ्नो भूमिकालाई मुख्य बनाउनुस्। हरेक कुरामा आफ्नो खोजी जारी राख्नुस्। कुनै पनि लक्ष्यमा पुग्ने बाटो हामी आफैंले खोज्नुपर्छ। आफैं जागरूक भएर अगाडि बढ्नुपर्छ। यो कुरा जीवनका सबै क्षेत्रमा लागू हुन्छ। अध्यात्ममा मात्र नभएर व्यापार, गृहस्थ, समाज शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा आफ्नो पहल अनि जागरूकता आवश्यक हुन्छ।

तपाईंको मनमा एउटा प्रश्न उठ्न सक्छ। के अरूको कुरा सुन्दै नसुन्ने ? सुन्ने भए के सुन्ने ? कति सुन्ने ? अरूका कुरा सुन्दा तपाईंलाई फाइदा हुने भए मात्र सुन्नुहोस्। कति सुन्ने, के सुन्ने भन्ने कुरा आफैं निर्णय गर्नुस्। तपाईंलाई प्रवचन सुन्दा फाइदा छ कि अन्य कुरा सुन्दा फाइदा छ, तपाईंलाई जे सुन्दा फाइदा हुन्छ, त्यही सुन्नुस्। कहीं घुम्न जाँदा तपाईंलाई फाइदा हुने भए घुम्न जानुस्। तर सबै थोकमा मुख्य भूमिका भने तपाईंकै हुनु जरुरी छ।

तपाईंलाई यस्तो लाग्छ कि कहीं जानुपर्ने आवश्यकता नै छैन, म आफ्नो अनुभवको आधारमा सत्यको खोजी गर्न सक्छु। आफ्नो जीवनको सुन्दर मार्ग निर्धारण गर्न सक्छु भन्ने लाग्छ भने पनि ठीक छ। सबै थोक तपाईंले आफ्नो विवेकले निर्धारण सक्नुपर्छ। यस विषयमा अरूले सिकाएको र अरूले देखाएको मार्गले केही पनि सहयोग गर्दैन। यस प्रकार जुन दिन तपाईंले आफ्नो महत्त्व जान्नुहुनेछ, तपाईंको जीवनमा नवीन सूर्यको उदय हुनेछ। तपाईंको भाग्य उदय हुनेछ। तपाईंले आफूलाई धन्य ठान्नुहुनेछ। यदि हामीले आफूलाई जागृत अवस्थामा राखेर राम्रोसँग बुझेर मात्र अरूका कुराहरू विश्वास गर्न थाल्यौं भने अरूले बताएको बाटो हाम्रोलागि सन्दर्भ सूची जस्तै उपयोगी हुन सक्छ। यसबाट हामीले आफ्नोलागि मार्ग निर्माण गर्न केही सहयोग लिन सक्छौं। यसलाई ठीकसँग काममा लिन आयो भने अरूबाट प्राप्त ज्ञान पनि कामको चीज हुन सक्छ तर कसरी कति मात्रामा र कुन समयमा आफूलाई उपयोगी हुन्छ भन्ने कुरा चाहिं राम्ररी थाहा हुनुपर्छ। अरूले भनेकै भरमा उसले भनेको तरीकाले अरूको सिद्धान्तको उपयोग गर्नुहुँदैन।

यदि अरूबाट प्राप्त ज्ञानले हामीलाई बिउँझाउँछ, त्यसले हाम्रो विचारमा हलचल पैदा गराउँछ, जीवनको मार्ग खोज्ने कार्यमा आफ्नो भूमिकाको बारेमा चेतना प्रदान गर्दछ भने त्यस्तो प्रकारको अरूबाट प्राप्त ज्ञान हाम्रो कामको हुन सक्छ। यदि अरूबाट प्राप्त हुने ज्ञानले हाम्रो विवेकमा ताल्चा लगाएर त्यही सिद्धान्तमा नै हिंड्न जोड जबरजस्ती गर्छ, जसले हाम्रो मनमा डर पैदा गर्दछ भने त्यस्तो ज्ञानलाई हामीले ग्रहण गर्नुहुँदैन। त्यस्तो ज्ञानले हामीलाई ज्ञान दिने काम गर्दैन। त्यसले हामीलाई भ्रम पैदा गराउँछ। तर हामीहरू जिन्दगीभरि यस्तै भ्रमहरू बटुल्दै हिंड्ने गरेका छौं।

हामीहरूले आफ्नो दिमागको भण्डारमा यस्तै भ्रमहरू ठूलो मात्रामा भरेर राखेका छौं। त्यसलाई खाली गर्न हामीलाई मुश्किल भइसकेको छ। जुन कुराहरू हामीहरूलाई केही काम लाग्दैन, तिनै कुराहरूलाई हामीहरूले आफ्नो मनमा यतिधेरै मात्रामा जम्मा गरिसकेका छौं कि त्यसले हामीहरूको चेतनालाई नै ढाकिसकेको छ। हामीहरूले आफ्नो चेतनालाई गहिरो निद्रामा सुताएर शारीरिक क्रियालाई धेरै महत्त्व दिएका छौं। सीताराम, राधेकृष्ण, राधेश्याम, राधेराधे भनिराख तर्नेछौं, पैदल यात्रा गरेर तीर्थ गर तर्नेछौं, पूजापाठ गर तर्नेछौ आदि इत्यादि भनेको हामीले सुनिराखेका छौं। विभिन्न कर्मकाण्डहरू गरेर मानिसहरूले ठान्छन् कि म धेरै आध्यात्मिक छु। कर्मकाण्ड गरेर आफूलाई आध्यात्मिक ठान्नु भ्रम मात्र हो।

अध्यात्मको सम्बन्ध शारीरिक क्रियाहरूसँग हुँदैन। अध्यात्मको सम्बन्ध शुद्धरूपले चेतना वा मनसँग जोडिएको हुन्छ, भावनासँग जोडिएको हुन्छ, मनको शुद्धतासँग जोडिएको हुन्छ। जुन क्रिया गर्दा हाम्रो मनमा जागरण आउँछ, चेतना जागृत हुन्छ भने यस्तो क्रिया जीवनमा सहायक सिद्ध हुन्छ तर जुन क्रिया गर्दाखेरी चेतना हराएर जान्छ, मनमा केही असर गर्दैन, विद्वान् नभएपनि विद्वान् भएको भ्रम पैदा गर्छ, त्यस्तो क्रिया केवल अरूलाई देखाउनको लागि मात्र हुन्छ भने त्यस्तो क्रिया कुनै कामको हुँदैन। यस्तो क्रियाहरूले जीवनमा केही लाभ दिंदैन।

क्रमशः

# दृश्यसंवेदना र आँखा


वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**बिरालोको आँखामा टेपिडम ल्युसिडम नामक एउटा तत्त्व हुन्छ, जुन अँध्यारोमा चम्किरहन्छ। बाघले आफ्नो क्षेत्रमा कसैलाई आउन दिंदैन धपाइदिन्छ। त्यस क्षेत्रमा यदि मानिससँग जम्काभेट भयो भने त्यसको आँखामा एकोहोरो हेर्दै बिस्तारै पछाडि हट्दा बाघले केही गर्दैन।**

आज म त्यस संवेदनाबारे बताउन चाहन्छु, जुन सबै संवेदनाभन्दा शक्तिशाली मानिन्छ। त्यो हो दृश्यको संवेदना, जुन आँखा भन्ने जैविक उपकरणबाट प्राप्त हुन्छ। आँखाबाट हामीले वस्तुको ९० प्रतिशत संवेदना प्राप्त गर्छौं, त्यसैले यो सबैभन्दा शक्तिशाली संवेदना हो। १० प्रतिशत मात्र अरू संवेदनाका लागि बाँकी रहन्छ। हामीलाई गन्धले मासु पाकिरहेको थाहा हुन्छ। तर भाँडोमा पाक्ने मासु कति छ, त्यो आँखाबाट नै थाहा हुन्छ। काउली कस्तो हुन्छ भन्ने कुरा जिब्रोबाट होइन, आँखाबाट मात्र थाहा हुन्छ। काउलीको बारी जिब्रोले होइन आँखाले मात्र ठम्याउन सक्छ। स्पर्शबारे त उखानै छ–अन्धाहरूले हात्तीको खुट्टा छाम्दा हात्ती खामोजस्तो, पुच्छर छाम्नेले लठ्ठीजस्तो




र कान छाम्नेले सुपाजस्तो हुन्छ भन्ने बयान गर्छन्। तर आँखाले हात्तीको सम्पूर्ण अस्तित्व देखेपछि हात्ती अरू देखिन्छ। यो यथार्थ दृश्य संवेदना आँखाबाटै प्राप्त हुन्छ। तर आँखाले हेरेर मात्र थाहा हुँदैन, भातको स्वाद कस्तो हुन्छ ? स्याल कराएको आवाज आँखाले हेर्न सकिंदैन। त्यसैले बाँकी १० प्रतिशत अरूको भागमा पर्छ। आँखा वा अरू कुनै संवेदनशील अङ्गको सीमा हुन्छ। त्यसैले मानिस त्यसलाई बढाउने प्रयत्नमा रहन्छ। लाउडस्पीकर हाम्रो विस्तृत कान हो। यस अर्थमा टिभी आँखाको विस्तारित रूप हो। तारामण्डलमा ग्रहहरूलाई हेर्ने टेलिस्कोप आँखाको विस्तारित रूप हो। तर आँखा छैन भने न टिभी काम लाग्छ, न टेलिस्कोप नै। दिव्यदृष्टिबाट अर्जुनले जुन विराट् रूप देखे वा सञ्जयले दरबारमा बसीबसी महाभारतको कथा धृतराष्ट्रलाई सुनाए त्यो बेग्लै कुरा हो। तर आँखाको आधारभूत प्रस्तुति निम्न प्रकार छ–

घाँटी, नाक र कान यी तीनवटै मिलाएर मेडिकलमा एउटा विभाग बनाइएको छ। तर आँखाको काम यति विस्तृत छ कि यसको लागि अलगै आँखा विभाग छुट्याइएको हुन्छ। त्यसैले मैले आँखा, यसको रचना र काम छोटकरीमा लेख्छु, जसले सर्वसाधारणले पनि बुझ्न सकून् र मुख्य कुरा छुट्न पनि नपाओस्। आँखा अरू केही होइन, एउटा जीवित कैमरा हो। सम्भवतः कैमराको ब्लैक एन्ड ह्वाइट वा कलर रूप आँखा हेरेर नै बनाइएको हो। आँखा दुइटा हुन्छ, जुन टाउकोको अगाडिको भागमा निधारमुनि नाकको दुवैतिर बनेको खाल्टोमा फिट हुन्छ, जसलाई आर्बिटल कैभिटी भनिन्छ। आँखामा सेतो देखिने भागलाई स्क्लेरा भनिन्छ जसमा रक्त प्रवाह र नली हुँदैन। यसमा एउटा धेरै पातलो खोल हुन्छ जस्तो कुनै मोबाइलको स्क्रीनमा हालिन्छ। यसलाई कन्जक्टाइभा भनिन्छ। यसले आइ–लिडको भीत्री भागलाई पनि छोप्छ। यसले आँखामा पाइने द्रवबाट पोषण प्राप्त गर्छ। रक्त आपूर्ति नहुनाले कुनै रोग लाग्दा औषधि नखाएर सीधै थोपा हालिन्छ। स्क्लेराको बीचमा जुन कालो रचना देखिन्छ त्यसलाई कोर्निया भनिन्छ। आँखालाई छोप्ने दुईटा खोल हुन्छ, जसलाई आइलीड भनिन्छ। माथिल्लोलाई अपर र तल्लोलाई लोअर आइलीड भनिन्छ। माथिल्लोमा १५० रौं र तल्लोमा ७५ रौं हुन्छ। आइलीड सधैं प्रतिमिनट १०० को दरले झम्किरहन्छ र धूलकणलाई भित्र जान दिंदैन। यसरी यो घण्टामा १००० र दिनमा २०००० पटक झम्किन्छ। कोर्नियाको पनि बीचमा एउटा सानो प्वाल स्पष्ट देखिन्छ जसलाई पुपिल भनिन्छ। कोर्नियाको पछाडि दुवैतिर एउटा रचना हुन्छ जसलाई आइरिस भनिन्छ। कोर्नियाको बीचको प्वाल वास्तवमा यी दुवै आइरिसको बीचको ठाउँ हो, जसरी कैमरामा पनि एउटा छिद्र बनाइएको हुन्छ। कैमरामा त्यस छिद्रलाई प्रकाशको अनुसार हातले कम वा ठूलो गर्छौं। तर आइरिस आफैं प्रकाशको मान अनुसार सानो वा ठूलो भइरहन्छ र प्वाल आफैं ठूलो वा सानो हुन्छ। जब प्रकाश बढी हुन्छ, तब आइरिस फैलिन्छ र बीचको प्वाल सानो हुन्छ। जब प्रकाश कम हुन्छ, तब आइरिसमा सङ्कुचन हुन्छ र प्वाल बढी प्रकाश आउन दिनको लागि ठूलो हुन्छ। कोर्निया र आइरिसको पछाडि एउटा लेन्स हुन्छ। हामीलाई थाहा छ कि लेन्स कन्केभ, कन्भेक्स वा स्फेरिकल तीन थरीको हुन्छ, जसको चित्र बनाउने भिन्नाभिन्नै प्रकृति हुन्छ। तर आँखाको लेन्स जिउँदो हुन्छ र यसकारण आफ्नो स्वरूप बदलेर कन्केभ, कन्भेक्स र स्फेरिकल सबैको भूमिका निर्वाह गर्न सक्छ। आँखामा लेन्सको अगाडि एक किसिमको द्रव र पछाडि पनि अर्को किसिमको द्रव हुन्छ। अगाडिकोलाई एक्वस ह्युमर र पछाडिकोलाई भिट्रियस ह्युमर भनिन्छ। एक्वस ह्युमर हरदम निर्माण भइरहन्छ र अवशोषित भइरहन्छ। तर भिट्रियस ह्युमर धेरै बाक्लो हुन्छ र नित्य बन्दैन। यी दुवै द्रवले चित्र बनाउन मात्र मदत गर्दैनन्, बरु आँखाको आकारलाई पनि व्यवस्थित राख्छन्। यसै द्रवको मात्रा कम भएर आँखा धसेको देखिन्छ। आँखाको सबैभन्दा पछाडिपट्टि रेटिना हुन्छ, जसरी कुनै कैमरामा फिल्म हुन्छ। जसरी कैमराको फिल्ममा फोटो बन्छ, त्यस्तै रेटिनामा विम्ब बन्छ। कैमरामा बनेको फिल्म हामी डार्करूममा प्रेसेसिङ र डेभलप गर्छौं। तर यहाँ अप्टिक नर्भले दिमागको आक्सिपिटल लोबको एरिया १७, १८ र १९ मा फोटो रिसेप्टरबाट प्राप्त प्रकाश इनर्जीलाई विद्युत् इनर्जीमा बदलेर दिमागमा पुऱ्याउँछ। यसको खोज रेग्नार ग्रेनाइट, हाल्डेन केफर हर्टलाइन र जार्ज वाल्डले गरेबापत संयुक्तरूपले १९६७ को नोबेल पुरस्कार पाएका थिए। रेटिनाको मध्यमा आप्टिक नर्भको बन्डल प्रवेश गर्छ जसमा एक मिलियनभन्दा बढी फाइबर हुन्छ। जहाँ यो नर्भ रेटिनामा प्रवेश गर्छ, त्यस ठाउँलाई ब्लाइन्ड स्पट भनिन्छ किनभने यस प्वाइन्टमा कुनै चित्र बन्दैन। यहाँबाट अलि पर एउटा अर्को स्पट हुन्छ, जसलाई फोबिया सेन्ट्रलीस भनिन्छ। चित्र यहाँ बन्छ। गिद्धको आँखा उसको टाउकोको अनुपातमा ठूलो र उसको ब्लाइन्ड स्पट यति ठूलो हुन्छ कि उसले ४ माइल टाढैबाट तीन फिटको मांसपिण्ड देख्न सके पनि सामुन्नेको वस्तु देख्न सक्दैन र दुश्मनको फन्दामा फस्न पुग्छ। चीलको हेर्ने शक्ति सबैभन्दा बढी हुन्छ किनभने उसको रेटिनामा दुईटा फोबिया हुन्छ र नर्भसेल मान्छेभन्दा ५ गुणा बढी हुन्छ। कैमराको फिल्मजस्तै आँखाको रेटिनामा उल्टो चित्र बन्छ जुन भौतिक विज्ञानको नियमानुसार नै हुन्छ। दुईटा आँखा किन हुन्छ भने एउटा आँखाले सीधा जति देखिए पनि नाकले छेकेर दायाँले बायाँतिर र बायाँले दायाँतिर देख्न सक्दैन। अतः बराबर र स्पष्ट हेर्नका लागि दुईटा आँखा चाहिन्छ। आँखाले जति स्पष्ट हेर्न सक्छ त्यसलाई आँखाको एक्विटी भनिन्छ। यसरी आँखाको दुईटा काम भयो। एउटा सोझो हेर्ने जसलाई टेम्पोर फिल्ड र अर्को दायाँबायाँ हेर्ने जसलाई नेजल फिल्ड भनिन्छ। यी दुवै फिल्डबाट आाप्टिक नर्भ छुट्टाछुट्टै यात्रा गर्छ। केही यात्रा गरेपछि नेजल फिल्डको फाइबर क्रस गरेर अर्कोतिर जान्छ अथवा दायाँ आँखाको बायाँतिर र दायाँ आँखाको फाइबर बायाँतिर। त्यस्तै टेम्पोरल फिल्डका फाइबरहरू पनि त्यही प्वाइन्टमा अर्कोतिर क्रस गर्छ। यसरी हामीले हेर्छौं भने दिमागमा एकातिरको टेम्पोरल फाइबर र अर्कोतिरको नेजल फाइबर एक ठाउँमा र अर्को ठाउँमा यसरी नै टेम्पोरल र भिन्न साइडको नेजल फाइबर अर्को ठाउँमा जान्छ। अथवा यसरी भनौं–दायाँ आँखाको टेम्पोरल फाइबर र बायाँ आँखाको नेजल फाइबर बायाँ अक्सिपिटल लोबमा र बायाँतर्फको टेम्पोरल फाइबर र दायाँको नेजल फाइबर दायाँ अक्सिपिटल लोबमा जान्छ। अर्थात् एउटा सेन्टरमा दुवै आँखाको सेन्टर हुन्छ। त्यसैले रेटिनाको अप्टिक नर्भ डैमेज भयो भने भिजन पूर्णतः समाप्त हुन्छ। तर बीचमा वा कुनै एक सेन्टरमा डैमेज भयो भने भिजन आंशिक मात्र समाप्त हुन्छ। रेटिनामा बनेको उल्टो तस्वीर सेन्टरमा सुल्टोगरी रिडिङ हुन्छ र हामी सुल्टो चित्र देख्छौं।

रेटिनामा रोड्स र कोन्स भिजुअल रिसेप्टर हुन्छ। रोड्सले अँध्यारोमा ब्लैक एन्ड ह्वाइट तस्वीर बनाउँछ र कोन्सले उज्यालोमा रङ्गीन तस्वीर बनाउँछ। रोड्सको सङ्ख्या ९१ मिलियन र कोन्सको सङ्ख्या ४.५ मिलियन हुन्छ। जब हामी कुनै अँध्यारो कोठामा जान्छौं, तब केही बेर केही देखिंदैन, पछि देखिन थाल्छ। वास्तवमा यो रोड्सबाट रोडोप्सिन बन्ने समय हो जुन अँध्यारोमा देखाउने तत्त्व हो। यो भिटामिन एको उपस्थितिमा मात्र हुन्छ। जब हामी अँध्यारो कोठाबाट फेरि बाहिर आउँछौं तब प्रकाशले गर्दा त्यो रोडोप्सिन बिलाएर जान्छ। तब प्रकाशमा कोन्सहरू सक्रिय हुन्छन्।

उल्लूको आँखामा आइवाल हुँदैन। त्यसको ठाउँमा एउटा गोलाकार ट्युब हुन्छ र उल्लूले आँखा चलाउन सक्दैन। घाँटी छिटोछिटो चलाउँछ। एक्विटी अफ भिजन सबैभन्दा बढी चीलको हुन्छ। एक्विटी अफ भिजनको मतलब हुन्छ–कति दूरीमा आँखाले कुनै चीज कति स्पष्ट देख्न सक्छ। मानिसको यो अधिकतम २० फिट हुन्छ। कुकुरको भिजन क्षमता मानिसभन्दा १० गुणा र मुसाको भन्दा १०० गुणा बढी हुन्छ। बिरालोको आँखामा टेपिडम ल्युसिडम नामक एउटा तत्त्व हुन्छ, जुन अँध्यारोमा

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## रूसले दाबी गरेको युक्रेनको चार भूभागलाई बेलायतले 'कहिल्यै स्वीकार गर्दैन' –प्रधानमन्त्री

लन्डन, १४ असोज ⁄ एएफपी

प्रधानमन्त्री लिज ट्रसले शुक्रवार भ्लादिमिर पुटिनलाई अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गरेको आरोप लगाएकी छन् । रूसले युक्रेनी चारवटा भूभाग औपचारिक रूपमा गाभ्ने तयारी गरिरहेको यस अवस्थामा ट्रसले सो कुरा बताएकी हुन् ।

ट्रसले रूसी नेताको 'प्रतिनिधित्व भएको दाबी गर्ने युक्रेनी जनताको जीवनप्रति स्पष्ट बेवास्ता गरेको' भन्दै आलोचना गरेकी छन् ।



बेलायतकी प्रधानमन्त्री लिज ट्रस । तस्वीरः एजेन्सी

'बेलायतले ती मानिसहरूको सार्वभौम इच्छालाई कहिल्यै बेवास्ता गर्दैन र हामी डोनेट्स्क, लुहान्स्क, खेर्सन र जापोरिज्जिया क्षेत्रहरूलाई युक्रेनी क्षेत्रबाहेक अरू कुनै कुराको रूपमा स्वीकार गर्दैनौं," उनले थप जानकारी दिएकी छन् । रासस

## पाकिस्तानी प्रधानमन्त्रीद्वारा चीनको प्रसंशा

इस्लामाबाद, १४ असोज ⁄ सिन्हवा

पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरीफले चीन र यहाँको नेतृत्वको प्रशंसा गरेका छन् ।

पाकिस्तानी प्रधानमन्त्री शरीफले हालै पाकिस्तानमा आएको बाढी पहिरो र यसका कारण भएको जनधनको क्षतिमा चीनले सहयोग गरेको बताउँदै चीनको प्रशंसा गरेका हुन् ।

इस्लामाबादमा पाकिस्तानका लागि चीनले आज आयोजना गरेको सहयोग हस्तान्तरण कार्यक्रममा प्रधानमन्त्री शरीफले पाकिस्तानमा आएको बाढी र पहिरोले पुऱ्याएको क्षतिपछि समयमै चीनले खाद्यान्नलगायतका सामग्री सहयोग गरेर पाकिस्तानी जनतालाई सान्त्वना प्रदान गरेको बताए ।

पाकिस्तानमा बाढीबाट दशौं हजार नागरिक घरवारविहीन भएका र उनीहरूलाई खाना र बस्नको समस्या भएका बेला चीनले ठूलो सहायता प्रदान गरेको प्रधानमन्त्री शरीफले बताए ।

शुक्रवार बिहान इस्लामाबादस्थित पाकिस्तानी प्रधानमन्त्रीको कार्यालयमा आयोजना भएको सो कार्यक्रममा चीन सरकारले पाकिस्तानलाई छ लाख ५० हजार अमेरिकी डलर बराबरको सहयोग हस्तान्तरण गरेको थियो ।

पाकिस्तानका बाढीपीडितका लागि चीनले अघिल्लो महीनादेखि नै खाद्यान्न, औषधि एवं अन्य सहयोगहरू उपलब्ध गराउँदै आएको छ । यस वर्षको मनसुनी वर्षाका कारण पाकिस्तानमा बाढी र पहिरोले ठूलो जनधनको क्षति गराएको छ ।

यस वर्षको सो मनसुनी वर्षाबाट यहाँ एक हजार ५०० भन्दा बढीको ज्यान गएको छ भने यहाँका भौतिकलगायतका संरचनाहरूमा क्षति पुगेको छ । रासस

### दशैं र साहित्यको .........

नकारात्मकता बोकेको हुन्छ । दशैंलाई दोष दिनुभन्दा मान्ने र मान्ने तरीकामा त्रुटि हुन्छ । हाम्रा चाडपर्वले त सत्कर्म र सत्धर्मको सन्देश दिएका छन् । दशैं त हाम्रो सभ्यता हो र संस्कृति पनि हो । र यो अमूर्त पनि छ । दशैंले मलाई मान भनेर भन्न आउँदैन । हरेक पल, हरेक घण्टा, हरेक दिन र हरेक महीना बित्ने चक्रमा ऋतुसँगै दशैंको पनि पालो आउँछ । दशैंप्रतिको भावलाई मानवीकरण गरी एक कवि आफूलाई यसरी उताछन् :

**मीठो चोखो मसिनाको भात वाक्लालाई**
**आँगनीमा कालो बोको बाँधी राख्नलाई**
**यो मन भन्छ त्यसो गर्न पाए नि हुन्थ्यो**
**नत्रभने जाबो दशैं नआए पनि हुन्थ्यो ।**
**हाम्रो घरमा खुशियाली छाए पनि हुन्थ्यो**
**नत्रभने जाबो दशैं नआए पनि हुन्थ्यो ।**

दशैंलाई मानवीकरण गरी यसलाई राम्रो मान्ने अर्थात् रमाइला मान्नेहरू पनि कम छैनन् । दशैंको प्रतीक्षा नै गर्नेहरू धेरै छन् । दशैं त धेरैको लागि शुभैशुभ पनि हो । र रमाइलोभन्दा पनि बढी शुभ चाहिं के हुन सक्छ र ? रमाइलो भन्नु आफैमा शुभ हो, आनन्द हो । आनन्दको आफ्नै रङ हुन्छ, पहिचान हुन्छ । आनन्दलाई दिनु पनि चाडपर्वहरूको धर्म हो । एक कवयित्री दशैंलाई मानवीकरण गर्दै दशैंको बारेमा लेख्छिन् :

**हरेक वर्ष आउँछ दशैं**
**उही मिति, उही तिथिमा**
**उस्तै महीना, उस्तै महिमा बोकेर**
**आउन त आउँछ**
**हरेक वर्ष दशैं,**
**आउँदा मात्रै फरक-फरक कथा, व्यथा बोकेर आउँछ ।**

हो, यसमा सहमत बन्ने आधारको खोजी गर्न सकिन्छ । दशैं सकिएपछि यसमा आएको खुशीको बाढीले कतै ऋणको भारी त छोडेर गएको छैन । यद्यपि फेरि पनि माथि भनिएजस्तै आफ्नो घाँटी हेरी हाड नलिने हो भने घाँटीमा अड्किन सक्छ । यस अवस्थामा दशैंलाई दोष दिनु केवल दोषारोपण हुनुपर्छ । यद्यपि कविको भावलाई, बुझाइलाई प्रवाहित गर्न र कुनै पनि विषयवस्तुप्रति आफ्नो भावलाई प्रस्फुटन गराउन कसैले रोक्न सक्दैन ।

दशैं जस्तै अन्य चाडपर्वमा समयले भने प्रभाव पारेको हुन्छ । कोरोनाकालमा दशैंले पारेको प्रभावलाई कवितामा कैद गरिएका अनगिनती दृष्टान्तहरू रहेका छन् । कोरोना समयमा धेरैलाई धेरै किसिमले अठ्यारो परेकै थियो । समयलाई कैद गरी एक कविले दशैंको विषयमा नै लेखेको यस कविताले कोरोनाको पीडालाई स्मृति दिलाउँछ :

**एकापसमा टाढिएर**
**मनाउने दशैं कस्तो पो होला र**
**साथीभाइबीच छुट्टिएर मनाउने दशैं के रमाइलो होला र ?**
**दशैं आओस् तर यसपालि जस्तो निर्मोही दशैं कहिल्यै नआओस्**
**दुःखैदुःखका बीच पनि**
**सबै नेपालीमा खुशियाली छाओस् ।**

चाडपर्वहरूमा सबैभन्दा बढी दशैंमा नै कविता लेखिएको हुनुपर्छ । देखिएको मात्र नभई दशैंमा पढिएको पनि हुनुपर्छ । यसरी दशैंको भाव कवितामा सबैभन्दा बढी किसिमले विम्बित भएको हुनुपर्छ । दशैंलाई सबैभन्दा बढी कवितामा उतार्ने कविहरूले पनि दशैंमाथि हस्तक्षेप गरेका छन् । यसै सन्दर्भले यो पनि स्पष्ट पार्दछ कि दशैंले कविहरूलाई मात्र प्रभावित पारेको होइन, समयलाई पनि प्रभावित पारेको छ र समयको विम्बले दशैंको अनुहारमा केही परिवर्तनका रेखाहरू कोर्दै हरेक वर्ष नवनव हुँदै आइरहेको छ । र साहित्यको एक महत्त्वपूर्ण अङ्ग बनिसकेको छ– दशैं ।

### दृश्य ...........

चम्किरहन्छ । बाघले आफ्नो क्षेत्रमा कसैलाई आउन दिंदैन धपाइदिन्छ । त्यस क्षेत्रमा यदि मानिससँग जम्काभेट भयो भने त्यसको आँखामा एकोहोरो हेर्दै बिस्तारै पछाडि हट्दा बाघले केही गर्दैन । किनभने उसले यो नोटिस गर्छ कि तपाई उसको क्षेत्र छाडिरहनुभएको छ । तर भाग्यो वा दौड्यो भने झम्टन पुग्छ । सबैभन्दा ठूलो आँखा अस्ट्रिचको हुन्छ ।

**आँखाका मुख्य बिमारी वा गडबडी :**

**प्रेसवायोपिया** : प्रेसवायोपोस मतलब ओल्ड र ओपस मतलब आइ हुन्छ । अर्थात् बुढेसकालमा हुने आँखाको कमजोरी । यसमा मान्छेले टाढाको कुरा त देख्न सक्छ तर नजीकको सक्दैन । यसमा लेन्सको अगाडिको भागले काम गर्दैन ।

**मायोपिया** : यो पनि नजीकको कुरा हेर्न कठिनाई हुने रोग हो । यसमा नजीकको वस्तुबाट जुन प्रकाश जान्छ, त्यो रेटिनामा नपुगेर त्यसको अगाडि समाप्त हुन्छ । तस्वीर त रेटिनामा परे पो देखिन्छ । पहिले नै समाप्त भयो भने कसरी देखिने ? यो अक्सर ४० वर्षपछि करीब सबै मान्छेमा देखिन्छ । सौभाग्यवश यसको उपचार सजिलै चश्माले प्राप्त गर्न सकिन्छ । यहाँ चश्मामा कन्केभ लेन्स प्रयोग गरिन्छ ।

**हाइपरमेट्रोपिया** : यसमा मायोपियाको उल्टो क्रिया हुन्छ । वस्तुबाट गएको प्रकाश रेटिना छिचोलेर बाहिर जान्छ । रेटिनामा तस्वीर पर्दैन र आँखाले त्यो वस्तु देख्दैन । अतः यसको करेक्शन कन्भेक्स लेन्सबाट गरिन्छ ।

**ग्लोकोमा** : यो आँखाको धेरै खतरनाक रोग हो । यसमा आँखामा दबाव निरन्तर बढिरह्यो भने अप्टिक नर्भ नष्ट हुन सक्छ र मान्छे सदाको लागि अन्धो हुन सक्छ, जसको कुनै उपचार छैन । आँखाको प्रेसर त्यसमा उपस्थित एक्वस र भिट्रियस ह्युमरको मात्रामा निर्भर गर्छ । यसको अलावा भिटामिन एको कमीले हुने रतन्धोबारे सबैलाई थाहा होला । गर्भवती अवस्थामा यो बढी देखिन्छ । अस्तु !

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – कष्टश्रम | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – सुयश | वृश्चिक – अलमल |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – राज्यलाभ | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## मिथिलाञ्चल क्षेत्रमा झिझिया नृत्यको रौनक

प्रस, जलेश्वर, १४ असोज ⁄

बडादशैंको आगमनसँगै मिथिलाञ्चल क्षेत्रमा झिझिया नृत्य शुरू भएको छ ।

सुख, समृद्धि तथा पारिवारिक सुरक्षाको अनुष्ठान झिझिया नृत्य महोत्तरीलगायत मिथिलाञ्चलभरि शुरू भएको हो ।

यस नृत्यमा तान्त्रिक विधि अनुसार घटस्थापनादेखि दशमीसम्म देवी दुर्गा स्तुतिको लोकपरम्परामा आधारित नृत्य प्रस्तुत गरिन्छ । पुरानो मान्यता अनुसार बोक्सीबाट आफ्ना सन्तानको सुरक्षा गर्नु झिझियाको मूल उद्देश्य रहेको समाजका पाकाहरूले बताएका छन् ।

विजयादशमीका अवसरमा महिलाद्वारा धार्मिक, सांस्कृतिक अनुष्ठानको सुरुआत गरी भगवती दुर्गाको स्तुति गरिन्छ । यसले अन्य शक्तिहरू कमजोर भई घरपरिवारमा कुनै क्षति पुऱ्याउन नसक्ने जनविश्वास छ ।

झिझिया लोकनृत्य सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा क्षेत्रलगायत भारतीय क्षेत्र बेनीपट्टि, मधुवनी, जयनगर, सीतामढी, सहरसा आदि क्षेत्रमा पनि प्रस्तुत गरिन्छ । झिझिया नृत्य गर्दा मसिना प्वाल पारिएका घैंटो टाउकामा राखेर महिलाले नृत्य गर्ने गर्छन् । नृत्यमा पाँचदेखि २५ जनासम्म महिलाको टोली हुन्छ । त्यसमध्ये एक वा दुईजनाको टाउकोमा घैंटो राखिएको हुन्छ ।

एक विशेष ताल तथा आरोह अवरोहमा गाइने गीतको बोलसँगै टाउकोमा घैंटो राख्ने महिला चारैतिर फन्को मार्दै दुवै हातले गीतको भाउ र लयमा ताली बजाउँदै जाँदा वातावरण अद्भुत बन्ने गर्छ । नृत्यसँगै गाइने गीतमा बोक्सीलाई गाली गरिएको हुन्छ, बोक्सीलाई गाली गरियो भने त्यसको मारक क्षमता कमजोर हुन्छ र बालबच्चाको सुरक्षा हुन्छ भन्ने जनविश्वास छ ।

मिथिलामा झिझिया नृत्यको मौलिकता, पहिचान र इतिहास छ । गाग्रीमाथि दन्किरहेको आगोको कोइला लिएर नृत्य गर्नु आफैमा साहस र कलाको अलौकिक प्रदर्शन हो । आधुनिकतासँगै समाज रूपान्तरणको क्रममा रहेको समयमा पनि यो लोकनृत्य गाउँघरमा मात्रै नभई मिथिलाञ्चलका शहरहरूमा पनि लोकप्रिय छ ।

## काठसहित एकजना पक्राउ

प्रस, पर्सागढी, १४ असोज ⁄

सबडिभिजन वन कार्यालय, मधुवन मथवल, बडनिहारले बिहीवार बिहान पर्सागढी नगरपालिका–४ छोटैलीबाट तीनवटा साइकलमा लोड रहेको १८ क्युफिट सालको गोलियासहित एकजना तस्करलाई पक्राउ गरेको छ ।

वडा नं २ निवासी मोतीराम चमारलाई प्रहरीले पक्राउ गरेको छ भने दुईजना भाग्न सफल भएको बडनिहारका जमदार जीतबहादुर लामाले बताए ।

बरामद काठ र साइकल सबडिभिजन वन कार्यालयमा राखिएको छ भने चमारलाई कारबाईको लागि जिल्ला वन कार्यालय, पर्सामा पठाइएको छ । चाडपर्व नजीकिँदै जाँदा अहिले काठ तस्करहरू सक्रिय भएका छन् ।

## राजेन्द्र महतोले धनुषा ३ छाडे

प्रस, जनकपुरधाम, १४ असोज ⁄

धनुषा निर्वाचन क्षेत्र नं ३ बाट लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो चुनाव नलड्ने भएका छन् । २०७४ को आमनिर्वाचनमा उनी सो क्षेत्रबाट जितेका थिए ।

आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा यहाँ एमाले र लोसपाबीच सहकार्य हुने चर्चा छ ।

२०७४ को निर्वाचनमा पनि एमालेको समर्थनमा नेता महतोले चुनाव जितेका थिए । त्यति बेला वाम गठबन्धनको बावजूद पनि एमालेले राजेन्द्रलाई सहयोग गरेको थियो ।

२०७४ मा आफूलाई गरेको सहयोग र समर्थनको ऋण यसपटक जुलीलाई तिर्न पनि महतोले सो क्षेत्र छाडेको उनी निकट स्रोतले बताएको छ ।

यसपटक राजेन्द्र सर्लाहीको निर्वाचन क्षेत्र नं २ बाट लड्ने भएका छन् । धनुषा ३ मा भने यसपटक जुलीको पलडा भारी छ । उनी २०७० मा विमलेन्द्र निधिसँग झिनो मतान्तरले पराजित भएकी थिइन् । २०७४ मा भने उनी समानुपातिक सांसद बनेकी हुन् ।

धनुषाको समग्र विकासमा जुलीको ठूलो योगदान रहेको चर्चा छ ।

## सिराहामा नेपाली नक्कली नोटको बिगबिगी

प्रस, सिराहा, १४ असोज ⁄

सिराहामा नेपाली नक्कली नोटको बिगबिगी बढेको छ । जिल्लाका प्रायःजसो बैंकहरूमा हजार र पाँच सय दरका नक्कली नोट दिनहुँजसो भेट्ने गरेको समाचार स्रोतले जनाएको छ ।

यस क्रममा प्रहरीले बिहीवार नक्कली नोटसहित एकजना युवकलाई नियन्त्रणमा लिएको जनाएको छ ।

कल्याणपुर नगरपालिका–११ स्थित बजारबाट एक हजार दरका पाँच थान नक्कली नोटसहित सोही नगरपालिका वडा नं १० बस्ने ३९ वर्षीय जिवछ कामतीलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय, सिराहाले शुक्रवार पत्रकार सम्मेलन गरी घटनाबारे सार्वजनिक गरेको हो ।

बजारमा मोबाइलको रिचार्ज किन्दा कामतीले हजारको नोट दिएका थिए । नक्कली जस्तो नोट देखेपछि पसलका साहुले प्रहरीलाई खबर गरेका थिए । खबर पाउनासाथ इलाका प्रहरी कार्यालय, मिर्चैयाबाट खटिएको प्रहरीले कामतीलाई पक्राउ गरेको हो ।

उक्त रकम स्थानीय एक सहकारीबाट कामतीले निकालेको प्रहरीलाई बताएका छन् । सहकारी र बैंकबाट नै नक्कली नोट आउन थालेपछि वास्तविकता पत्ता लगाउन प्रहरीले अनुसन्धान शुरू गरेको जनाएको छ ।

## आयुर्वेद सेवाबारे समीक्षात्मक बैठक

प्रस, सिम्रौनगढ, १४ असोज ⁄

आयुर्वेद सेवा कार्यक्रमसम्बन्धी जिल्लास्तरीय समन्वयात्मक वार्षिक समीक्षा बैठक शुक्रवार सिम्रौनगढ नगरपालिकाको सभाकक्षमा सम्पन्न भएको छ ।

कार्यक्रममा आव २०७८⁄७९ मा जिल्लाका सेवा केन्द्रहरूबाट सेवा लिने सेवाग्राहीहरूको प्रगति विवरणमा महिला, पुरुष, बालबालिका र वृद्धको सङ्ख्या र रोगबारेमा समीक्षा गरिएको थियो ।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयकी प्रमुख विनीता केशरीको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेशको स्वास्थ्य निर्देशनालय जनकपुरका चिकित्सक डा रामबाबु साहले समीक्षा बैठकको उद्घाटन गरेका थिए । बैठकमा सिम्रौनगढ आयुर्वेद औषधालयका चन्देश्वरप्रसाद बैठा, आदर्श कोतवालका नथु सहनी, देवापुरटेटाका विजय यादव, अमृतगंजकी नीलम साह, नागरिक आरोग्य सेवा केन्द्र, हर्दियाकी ज्योतिकुमारी गुप्ता, हरिहरपुरका सुनील मिश्र, बारागढीका रामविनय साहलगायतले प्रगति विवरण प्रस्तुत गरेका थिए ।



तस्वीरः प्रतीक

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, कलैयाको आयोजनामा भएको समीक्षा कार्यक्रममा स्वागत वरिष्ठ आयुर्वेद चिकित्सक रामप्रसाद साह तथा सञ्चालन आयुर्वेद चिकित्सक सहदेव पण्डितले गरेका थिए ।

## लागूऔषध बरामद

प्रस, सिम्रौनगढ, १४ असोज ⁄

सशस्त्र प्रहरी बिओपी गोलागंजले शुक्रवार बारको सिम्रौनगढ नगरपालिका–९ बसवरिया टोलको पिढ्वा नाकाबाट लागूऔषध बरामद गरेको छ ।

अपराह्न ४ बजे भारतबाट नेपाल आइरहेका एकजनाले प्रहरीलाई देखेर ब्याग फालेर भागेको र निजले फालेको ब्यागबाट नाइट्रोभेट २९ पत्ता फेला परेको सशस्त्र प्रहरी निरीक्षक परशुराम लामिछानेले बताए । उनले एउटा पत्तामा तीस थान ट्याब्लेट रहेको बताए ।



तस्वीरः प्रतीक

# बज्जिका सङ्गमको वार्षिकोत्सवमा वीरगंजका साह सम्मानित

प्रस, गरुडा, १४ असोज/

बज्जिका साहित्य सङ्गम, रौतहटको सातौं वार्षिकोत्सवको अवसरमा संस्थालाई निस्स्वार्थ सहयोग गर्ने वीरगंज निवासी बालदेवप्रसाद साहलाई सम्मानित गरिएको छ। वीरगंज निवासी पूर्व जिल्ला शिक्षा अधिकारी साहले सङ्गमलाई पचास हजार रुपैयाँ अक्षयकोषमा प्रदान गरेकाले प्रशंसापत्रले सम्मानित गरिएको हो ।

वार्षिकोत्सवको अवसरमा बज्जिका भाषाका दुईवटा पत्रिकाको लोकार्पण गरिएको थियो । नेपालमा बज्जिका भाषाको पहिलो साहित्यिक पत्रिका बज्जिकार्पणको २६औं र सर्लाहीबाट प्रकाशित पहिलो साहित्यिक त्रैमासिक बज्जीको सातौं अङ्कको गरुडा नगरपालिकाका प्रमुख कन्थमणिप्रसाद कलवारले संयुक्त लोकार्पण गरेका थिए।

पत्रिकाको लोकार्पण गर्दै नगरप्रमुख कलवारले मातृभाषा बज्जिकालाई चिनाउन बज्जिका साहित्य सङ्गम र साहित्यिक पत्रिकाहरूले ठूलो भूमिका निर्वाह गरेको बताए ।

रौतहटका व्यवसायी तथा युवा समाजसेवी रवि जयसवालले व्यवस्थापन गरेको कार्यक्रममा पूर्व प्रमुख जिल्ला अधिकारी डा कमलेश्वरकुमार सिन्हा, पूर्व जिल्ला शिक्षा अधिकारी बालदेवप्रसाद


तस्वीरः प्रतीक

साह तथा सर्लाही सदरमुकाम मलङ्गवाका साहित्यकार रामचन्द्र महतो कुशवाहाले नगरप्रमुख कलवारसँगै पत्रिकाको संयुक्त लोकार्पण गरेका थिए ।

कार्यक्रममा बज्जिका समृद्धि समाज सर्लाहीका अध्यक्ष जियालाल राय यादव, बज्जिका भाषा विकास परिषद्का अध्यक्ष शिवचन्द्रप्रसाद साह, नवसर्जक साहित्य चौतारी, मधेस प्रदेशकी अध्यक्ष रूबि गुप्ता, नेपाल साहित्यिक पत्रकार सङ्घ, मधेस प्रदेशका अध्यक्ष सञ्जय साह मित्र, साहित्यकार बिन्दा साहनी, मनमोहन सिंह मनोहर, विपिनबिहारी सिंह, नेपाल चलचित्र कलाकार सङ्घको मधेस प्रदेश अध्यक्ष विजय यादव निर्बिज, साहित्यकार ममताज राय भाट, गायक कुमार चन्दन, रवीन्द्र पटेल, प्रधान शिक्षक विजयकान्त मिश्रसहित दर्जनौं भाषा तथा साहित्यानुरागीहरूको सहभागिता थियो।

यसैगरी, झिझिया गीत प्रस्तुत गर्ने कलाकारहरूलाई नगरप्रमुख कलवारले नगद तथा गम्छा ओढाएर सम्मानित गरेका थिए ।

सङ्गमका अध्यक्ष साहित्यकार किशुनदयाल श्रीकृष्णको सभापतित्वमा भएको कार्यक्रममा उपस्थित सबैलाई सङ्गीताकुमारी सहनीले स्वागत गरेकी थिइन् ।

# वैज्ञानिक समाजवादीद्वारा खर्च विवरण माग


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १४ असोज/

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, पचरूखीले पर्सागढी नगरपालिका–५ वडा कार्यालयमा दुईवटा निवेदन दर्ता गराएको छ ।

एउटा निवेदनमा १५ सूत्रीय माग राखिएको छ भने अर्को निवेदनमा सो वडा कार्यालयबाट गत आवमा भएका खर्चको विवरण माग गरेको छ। रञ्जय रायभर र रवीन्द्र रायभरले वडा कार्यालयमा निवेदन दर्ता गराएका हुन् । उनीहरूले जनताको सिफारिश सहजरूपमा हुनुपर्ने, नीलगाई नियन्त्रणको व्यवस्था गर्नुपर्ने, विद्युत् सप्लाई नियमित गर्नुपर्ने, सुनौलो हजार दिन कार्यक्रम लागू गर्नुपर्ने, वडा कार्यालयको काम पारदर्शी हुनुपर्ने, सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने, सरकारले तोकेको धानको भाउ किसानलाई उपलब्ध गराउनुपर्ने र ऐलानी जग्गाको सुरक्षा गर्नुपर्ने माग राखेका छन् ।

यसैगरी, आव २०७८/७९ मा वडा कार्यालयले गरेको खर्च विवरण माग गरिएको छ ।

# झुन्डिएर आत्महत्या

प्रस, भिस्वा, १४ असोज/

छिपहरमाई गाउँपालिका–४ तुलसीबर्वाका ४० वर्षीय अमृत महतो केवटले पासो लगाएर आत्महत्या गरेका छन् । शुक्रवार बिहान १० बजे उनले घरमा पासो लगाएर आत्महत्या गरेका हुन्। आत्महत्या गर्नुअघि उनले नवरात्रिको पूजा गरी पत्नीसँग फोनवार्ता गरेका थिए। दुईजना छोरा, तीनजना छोरी गरी पाँचजना सन्तान रहेका केवटकी पत्नी



केही दिनदेखि पतिसँग झगडा गरेर माइती गएर बसेकी थिइन्। आज फोनवार्तामा पनि पत्नीसँग भनाभन भएको र सोही तनावमा उनले आत्महत्या गरेको हुन सक्ने परिवारजनले आशङ्का गरेका छन्।

प्रहरीले प्रारम्भिक अनुसन्धानमा आत्महत्या देखिएको र शवलाई शल्यपरीक्षणका लागि नारायणी अस्पताल पठाएको छ ।




## चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## दशैं कप फूटबल : वनशक्ति र श्रीस्टार सेमिफाइनलमा

चिरञ्जीवी सापकोटा, ठोरी, १४ असोज/

ठोरी गाउँपालिका–२ मा वनशक्ति युवा क्लबको आयोजनामा जारी दशैं कप नकआउट फूटबल प्रतियोगिता अन्तर्गत शुक्रवार दुईवटा क्वार्टरफाइनल खेल भए। पहिलो खेलमा आयोजक वनशक्ति युवा क्लब 'बी', ठोरी–२ ले मूनस्टार, ठोरी–३ लाई शून्यका विरुद्ध तीन गोलअन्तरले पराजित गरी सेमिफाइनलमा पुगेको छ। वनशक्तिका प्रशान्त लामाले दुई गोल र विवेक क्षत्रीले एक गोल गरेका थिए। यस खेलको 'म्यान अफ दी म्याच' वनशक्तिका प्रशान्त लामा घोषित भए।



तस्वीरः प्रतीक

दोस्रो खेलमा श्रीस्टार युवा क्लब, ठोरी–१ ले प्रतिभा युवा क्लब, ठोरी–४ लाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै सेमिफाइनको यात्रा सुरक्षित गर्‍यो। श्रीस्टारका लागि दुवै गोल सुशील कुँवरले गरेका थिए। यस खेलको 'म्यान अफ दी म्याच' श्रीस्टारका निखिल तामाङ घोषित भए।

भोलि शनिवार पनि दुईवटा क्वार्टरफाइनल खेल हुनेछन्। पहिलो क्वार्टरफाइनल खेल तमु ब्वाइज युवा क्लब, ठोरी–१ र समाज जागरण युवा क्लब, ठोरी–३ बीच हुनेछ भने दोस्रो आयोजक वनशक्ति युवा क्लब 'ए', ठोरी–२ र सनराइज युवा क्लब, ठोरी–३ बीच हुने आयोजक समितिका कोषाध्यक्ष विशाल क्षत्रीले बताए।

१६ वटा क्लबको सहभागिता रहेको फाइनल खेल असोज २१ गते हुनेछ भने विजेतालाई नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ तथा उपविजेतालाई नगद रु ३० हजार, शिल्ड, मेडल एवं प्रमाणपत्र प्रदान गरिने पनि क्षत्रीले जानकारी दिए।

## महिला क्रिकेट खेलको तालिका सार्वजनिक

काठमाडौं, १४ असोज/रासस

राष्ट्रिय खेलकूद परिषद्ले यसै महीना गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत महिला क्रिकेटको खेलतालिका शुक्रवार सार्वजनिक गरेको छ।

पोखरा क्रिकेट रङ्गशालामा आयोजना हुने महिला क्रिकेट असोज २३ देखि कात्तिक १ गतेसम्म हुनेछ। महिला क्रिकेटमा विभिन्न नौवटा टोलीको सहभागिता छ। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ।

समूह 'ए'मा एपिएफ क्लब, मधेस प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र वाग्मती प्रदेश रहेका छन्। त्यसैगरी, समूह 'बी'मा नेपाल पुलिस क्लब, कर्णाली प्रदेश, प्रदेश–१ र लुम्बिनी प्रदेश छन्।

प्रतियोगिताको उद्घाटन खेलमा गण्डकी प्रदेश र मधेस प्रदेशबीच प्रतिस्पर्धा हुनेछ भने सोही दिन हुने दोस्रो खेलमा सुदूरपश्चिम प्रदेश र वाग्मती प्रदेशबीच खेल हुनेछ। समूहको शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्।

नवौं राष्ट्रिय खेलकूद औपचारिकरूपमा असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना हुनेछ। उक्त प्रतियोगिता अन्तर्गत पुरुष क्रिकेट भने यसअघि नै आयोजना भइसकेको छ।

# झबराहामा जङ्गली हात्तीको आतङ्क

प्रस, पर्सागढी, १४ असोज/

पर्सागढी नगरपालिका–३ झबराहामा जङ्गली हात्तीले आतङ्क मचाएको छ ।


तस्वीरः प्रतीक

जङ्गलबाट आएको हात्तीले गणेशलाल लामाको सात कट्ठा धानबाली, माइला स्याङ्बो तामाङको छ कट्ठा, रामबहादुर बस्नेतको दुई कट्ठा, प्रकाश लोचनको १० कट्ठामा लगाएको धानबाली हात्तीले नष्ट गरेको छ ।

धानबाली पाकिसकेको अवस्थामा जङ्गली हात्ती आएर ती किसानहरूको धानबाली खानुका साथै कुल्चिएर नष्ट गरेको हो। चाडपर्वको बेला धान काट्ने तयारी गरिरहेको अवस्थामा हात्तीले धान नष्ट गरेपछि अहिले उनीहरू बिचल्लीमा परेका छन्।

यसैगरी, सो क्षेत्रका अनिल पासवान र भुलन महतोको घरमा गएराति ९ बजे हात्तीले क्षति पुर्‍याएको छ। हात्तीले घर भत्काउनुका साथै टोलमा आतङ्क मच्चाएको स्थानीयले बताए । हात्तीको कारण रातभरि सुरक्षा दिने गरेको स्थानीयले बताएका छन् ।

हात्तीले पुर्‍याएको क्षतिबारे प्रहरी चौकी बिरुवागुठी र पर्सागढी नगरपालिकालाई जानकारी गराएको समाजसेवी हरि तामाङले बताएका छन्।

# शुभकामना कार्यक्रम

प्रस, जीतपुर, १४ असोज/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, सिमराले विजयादशमी, दीपावली र छठ पर्वको अवसरमा शुभकामना कार्यक्रम गरेको छ ।


तस्वीरः सौजन्य

कार्यक्रममा पूर्वश्रममन्त्री किसान श्रेष्ठ, उद्योग वाणिज्य सङ्घ सिमराका अध्यक्ष मोहन शर्मा, होटल व्यवसायी सङ्घका अध्यक्ष अर्जुन लम्साललगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा दुर्गा माताको चैतन्य झाँकी पनि देखाइएको थियो । केन्द्रकी सभापति ब्रह्माकुमारी मधुको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत ब्रह्माकुमार सन्तोष र ब्रह्माकुमारी शुभलक्ष्मी, सञ्चालन ब्रह्माकुमार परमेश्वरले गरेका थिए ।

# हतियार बुझाउन सूचना जारी

प्रस, वीरगज १४, असोज/

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन स्वच्छ, निष्पक्षरूपमा सम्पन्न गर्नका लागि शुक्रवार जिल्ला प्रशासन कार्यालय, पर्साले दर्ता भएका हातहतियार बुझाउन सूचना जारी गरेको छ ।

कात्तिक ५ गतेभित्र पर्सा जिल्लाभरिमा दर्ता रहेका हतियारलाई जिल्ला प्रहरी कार्यालय, पर्साको जिम्मा लगाउन सार्वजनिक सूचना जारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए । उनले तोकिएको समयभित्र आफ्ना हतियारहरू नबुझाउनेमाथि कानूनबमोजिम कारबाही हुने बताए। उनले आज जिल्ला प्रशासन कार्यालय, पर्सामा सुरक्षा समितिको बैठक बसेको र बैठकको निर्णय अनुसार हतियार बुझाउन सूचना जारी गरिएको बताए ।